# अध्याय एक

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the study)

समाजमा विभिन्न जातजाति, भाषा-भाषी, धर्म र पेशाका मानिसहरु बसोबास गर्दछन् । हरेक वर्गका मानिसका आ-आफ्नै किसिमका क्रियाकलाप, मूल्य मान्यताहरु र कार्यहरु हुन्छन् । समाजमा रहेका यस्ता कार्यहरु तथा मूल्य मान्यताका आधारमा उनीहरुको एक अर्काप्रतिको मान सम्मान र व्यवहार पनि फरक फरक प्रकृतिको हुन्छ र यस्ता सम्पूर्ण प्रकृतिलाई त्यस समाजले मान्यता समेत प्रदान गरेको हुन्छ। अर्थात मानव समाजमा विभिन्न किसिमका सामाजिक विविधताहरु देख्न पाइन्छ ।

नेपाल विविधताले भरिएको देश हो । यहाँ मुख्य रुपले लिङ्ग, वर्ण, उमेर, जात, वर्ग, आर्थिक, धार्मिक, राजनैतिक, शैक्षिक आदि आधारमा विविधता देख्न पाइन्छ । यसका अतिरिक्त भौगोलिक अवस्थाले पनि सामाजिक विभेदीकरणमा भूमिका खेलेको देखिन्छ ।

नेपाली समाजमा प्राचीन कालदेखिनै हिन्दु धर्मको बाहुल्य रहदैं आएको देखिन्छ । यस धर्मको वर्णव्यवस्थाले नेपाली समाजलाई बाँधेको र जातिगत रुपमा वर्गीकरण गरेको कुरा इतिहासबाट पुष्टि हुन आँउछ । यस्तो व्यवस्थाले गर्दा समाजका केही वर्गले जातिय आधारमा शक्ति, सम्पत्ति र इज्जत (Power, property & prestige = 3P) प्राप्त गरेको र केही वर्गले यसै आधारमा शक्ति सम्पत्ति र इज्जतबाट बञ्चित हुनुपरेको कुरा यहाँको इतिहासले छर्लङ्ग देखाउँछ । हाल नेपालमा देखिने पिछडिएको समुदाय, दलित, जनजाति, गरिव र महिलाहरु उल्लेखित 3P वाट वञ्चित भएकै कारणबाट

उत्पन्न परिस्थितिले गर्दा पछि परेका हुन् भन्न सकिन्छ (म्याक्स वेवर, साभार- वाग्ले र कार्की, २०६२, शिक्षाका आधारहरु) ।

'दलित' शब्दको अर्थ निम्नानुसार रहेको छ । वर्णाश्रम व्यवस्था अनुसार दलितहरु "आज्ञापालक जाति" हुन् । हिन्दु धार्मिक ग्रन्थ मनुस्मृति (200 B.C. – 250 A.D.) अनुसार दलित भन्नाले ती हुन्:

(क) जो शुद्ध तथा मिश्रित (वर्णशंकर) बीचको सम्बन्धबाट उत्पन्न भएका हुन् ।

(ख) जसले धार्मिक कृत्य गर्न छाडेकाले आफ्नो प्रतिष्ठा गुमाएका हुन् ।

(ग) जो कुनै कारणले समाजबाट वहिस्कृत भएका हुन् ।

(घ) जो आफ्ना बंशजहरु सहित वर्णाश्रम व्यवस्था भित्रको समाजबाट निकाला गरिएका हुन् ।

यी "आज्ञापालक जाति" शुद्रहरु सामाजिक रुपले स्पृश्य र अस्पृश्य जातिको रुपमा विभाजित थिए । यसरी सामाजिक रुपमा अस्पृश्य मानिसहरुको समूह नै दलित हो (कोइराला, १९९८) ।

हिन्दू शिक्षा प्रणाली अनुसार शुद्र वर्णमा वर्गीकरण गरिएको एउटा समूहभित्र दलित जाति पर्दछन् । हिन्दू दन्त्यकथा अनुसार दलित इश्वरको पाउमा जन्मेको व्यक्ति दास (गुलाम) अथवा दस्यु (लुटेरा) अथवा द्रविणहरु हुन् (प्रश्रित, १९९१) ।

एउटा कालो व्यक्ति अथवा अनार्य वंशका पिछडिएका व्यक्तिहरु नै शुद्र वर्णसंग सम्बन्धित छन् (बराल, १९७३), हाल शुद्रवर्णको छातामुनी तीन थरीका जातिहरु पर्दछन् ।

(क) पानी चल्ने तथा छुन हुने

(ख) पानी नचल्ने तथा छुन हुने

(ग) पानी नचल्ने तथा छुन नहुने

मल्लकाल (वि.स. ८७१ - १७६७) मा पानी चल्ने तथा छुन नहुने शुद्रहरु पुनः मासिने र नमासिने वर्गमा वाँडिएका थिए । शुद्रहरुको अन्तिम वर्ण पञ्चम वर्णमा पानी नचल्ने तथा छुन नहुने जातिलाई दलितको रुपमा यथावत राखिन्छ (कोइराला, १९९६) ।

यस शोधपत्रमा उल्लेख गरिएको दलित शब्दलाई यस प्रकार परिभाषित गर्न सकिन्छ । जातिय तथा कामको प्रकृतिका आधारमा यस प्रकार विभाजित भएका जात जस्तै कामी, दमाई, मुसहर, सार्की, बादी, चमार भाँड आदि अस्पर्शीय तथा पानी नचल्ने जातहरुको रुपमा परिभाषित भएका मानिसहरुको समूहलाई 'दलित' भनिएको छ ।

शिक्षा मानिसका लागि अपरिहार्य एवं आधारभूत आवश्यकता हो, किनकि यसले मानिसलाई समसामयिक समाजमा समायोजन हुन तथा मानिसका आधारभूत आवश्यकता परिपूर्ति गर्न आवश्यक सहयोग प्रदान गर्दछ । अर्कातर्फ शिक्षालाई मानव संसाधनको विकास गर्ने प्रमुख साधनको रुपमा पनि लिने गरिन्छ । यस साधनको प्राप्तिले मानिसमा ज्ञान, सीप, चेतना, विचार, दक्षता जस्ता पक्षको उत्थानमा पनि सहयोग प्रदान गर्दछ । अतः शिक्षाको माध्यमबाट मानवीय संसाधानको विकास गरी व्यक्ति, समाज, राष्ट्र र सम्पूर्ण विश्वकै उत्थान गर्न सकिन्छ ।

जबसम्म देशका सम्पूर्ण जनता समानुपातिक रुपमा शिक्षित हुँदैनन् तबसम्म देश विकासको गतिमा तीव्रता ल्याउन सकिन्न । अतः प्रत्येक राष्ट्रले समाजमा आर्थिक, सामाजिक, शैक्षिक रुपमा पछिपरेका वर्गहरुको पहिचान गरी उनीहरुमा निहित योग्यता, क्षमता तथा दक्षतालाई शिक्षाको माध्यमबाट प्रस्फुटन गर्दै राष्ट्र विकासको मूलधारमा समाहित गर्नु नितान्त आवश्यक हुन आँउछ ।

देशमा व्याप्त गरिवी निवारणका लागि शिक्षाको महत्वपूर्ण योगदान रहन्छ । अतः देशमा शिक्षाको ज्योति प्राप्त गर्नबाट बञ्चित रहेका गरिव, दलित, पिछडिएका जनजाति, महिला तथा भौगोलीक रुपमा बिकट स्थानमा रहेका जनताहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्नु नितान्त आवश्यक छ । यसले गर्दा समाजमा पछिपरेका उपर्युक्त समूहले राष्ट्रिय विकासको विविध गतिविधिहरुमा भाग लिन पाउने हुँदा यसको

परिणामस्वरुप विद्यमान गरिबी निवारणमा सहयोग पुग्दछ । यसका अतिरिक्त ती पिछडिएको वर्गमा जनस्वास्थ्यप्रतिको चेतना जागरण भई मानवीय साधनको क्षमता अभिवृद्धि हुने, निर्णय प्रक्रियामा उनीहरुको संलग्नता हुने जस्ता विकासका सकारात्मक संकेतहरु प्राप्त गर्न सकिन्छ । तर हाल नेपालमा साक्षरता दर करीव ५४% रहेको र त्यसमा पनि महिला, दलित तथा पिछडिएका जनजातिहरुको अवस्था अझ पछि परेको छ । फलतः अभिभावक चेतनाको कमी, गरिवी, अशिक्षा, वर्गभेद, जातिभेद, असान्दर्भिक शिक्षा आदिका कारणले बालबालिकाहरुको शिक्षाप्रतिको उत्सुकता कम भई भर्ना नहुने, बीचैमा कक्षा छाड्ने, असफल हुने जस्ता शैक्षिक क्षतिले जरो गाड्ने सम्भावना प्रशस्त रुपमा देखिन्छ, हाल हाम्रो मुलुकमा भौगोलिक, सामाजिक, आर्थिक विविधता टड्कारो रुपमा विद्यमान छन् र कतिपय अवस्थामा यस्ता विविधताले विभिन्न किसिमका समस्याहरु पनि सृजना हुने गरेको छ ।

नेपालमा २००७ सालमा प्रजातन्त्र स्थापना पछि शिक्षाक्षेत्र राज्यको प्रमुख दायित्वको रुपमा परिभाषित हुन पुग्यो । शिक्षाको गुणात्मक विकासका निमित्त विभिन्न समयमा विभिन्न किसिमका आयोगहरु गठन भई समयको माग अनुसार शिक्षानीति एवं शैक्षिक कार्यक्रमहरु लागू गरिदैं आएको पाइन्छ । यसै सन्दर्भमा राष्ट्रिय शिक्षा आयोग २०४९ ले निर्धारण गरेको शिक्षाको राष्ट्रिय उद्देश्यमा "समाजमा पछि परेका व्यक्तिहरुलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सहयोग गर्नुपर्छ" । भन्ने वाक्य राखेको छ । यसबाट समाजमा पछि परेका वर्गको उत्थानमा चासो राखेको प्रतीत हुन्छ तर पनि कार्यान्वयन पक्षमा सुधार ल्याउन सकिएको छैन । नेपाली समाजमा हालसम्म पनि केही टाठाबाठाहरुले बढी सुविधा तथा अवसरहरु दोहन गरिरहेका छन् भने दलित जनजाति जस्ता पिछडिएका समुदाय विकासको प्रतिफल चाख्नवाट वञ्चित रहेका देखिन्छन् ।

जोमतेन सम्मेलन (सन १९९०), डकार घोषणापत्र (सन २०००) द्वारा "सबैका लागि शिक्षा" सम्बन्धी विश्वघोषणा अनुसार नेपालले पनि 'सबैका लागि शिक्षा' १५ वर्षे कार्ययोजना तय गरेकोबाट नेपाल सरकारले शिक्षाको विस्तारमा गरेको प्रतिवद्धतालाई पुष्टि गर्दछ । यसको अलावा निःशुल्क प्राथमिक शिक्षा, लक्षित समूहका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेकोबाट पनि पिछडिएको समुदायको शिक्षामा पहुँच अभिवृद्धि तथा शैक्षिक क्षति कम गर्न प्रयत्नरत रहेको कुरा स्पष्ट रुपमा देखिन्छ ।

नवौं योजना (वि.स. २०५४-२०५९) को आधारभूत लक्ष्यमा नेपाल सरकारले प्राथमिक शिक्षालाई अनिवार्य र सर्वसुलभ गर्ने प्रतिवद्धता जाहेर गरेको थियो । यसै प्रकारले चालु दशौं योजना (२०५९-२०६४) ले पनि साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम मार्फत विशेष गरी पिछडिएको समुदाय तथा महिलाहरुको जीवनस्तर उकास्ने लक्ष्य राखेको छ ।

आज संसार भरी नै शिक्षालाई प्रमुख लगानीको रुपमा स्वीकार गरिसकिएको छ । नेपालले पनि शिक्षालाई यही स्वरुपमा स्वीकार गरी दिन प्रतिदिन शिक्षातर्फको लगानी बढाउदै लगेको देखिन्छ । हाल वार्षिक बजेटको १६.८% शिक्षामा लगानी गर्दै आएको देखिन्छ तथापि देशमा करीव ३२% विद्यालय उमेरका बालबालिकाहरु विद्यालय बाहिर रहेका छन् । विद्यालय भर्ना भएका मध्येबाट पनि हाल करीव ४१% विद्यालय बीचैमा छाड्ने गरेको तथ्याङ्क प्राप्त हुन्छ । यसरी एकातर्फ बालबालिकाहरु विद्यालयमा भर्नाहुन नै जाँदैनन् भने अर्कातर्फ जे-जति विद्यालयमा भर्ना भएका छन्, ती मध्ये पनि धेरैले बीचैमा विद्यालय छाड्नुका कारणहरुमा गरिवी, जातिय भेदभाव, शिक्षकको अनुपस्थिति, दैनिक जीवनयापन र शिक्षाबीच अर्थपूर्ण सम्बन्ध नहुनुलाई 'मानव स्रोत विकास प्रतिवेदन १९९८' मा उल्लेख गरेको छ (थापा २००१) ।

नेपालको नवौं पञ्चवर्षीय योजना (२०५४-२०५९) र राष्ट्रिय शिक्षा आयोग (२०४९) ले पनि गरिवीको रेखामुनी रहेका सबै सुविधाविहिन समुदायका लागि समानता र समान पहुँचयुक्त गुणात्मक शिक्षा र शैक्षिक व्यवस्थापनमा प्रभावकारी सुधारका नारा सहित सन (१९९२-१९९६) र सन (१९९७-२००२) सम्म क्रमशः आधारभूत प्राथमिक शिक्षा परियोजना (BPEP) पहिलो र दोस्रो चरण सम्पन्न गरिसकेको छ (शिक्षा मन्त्रालय/आ.प्रा.शि.प, १९९८) ।

नेपालमा शिक्षा तथा खेलकुद मन्त्रालयले शैक्षिक योजना कार्यान्वयका निमित्त अपनाएका रणनीतिहरु निम्नानुसार रहेका छन् ।

(क) लैङ्गिक समानताका आधारमा आधारभूत तथा प्राथमिक शिक्षा सबैलाई उपलब्ध गराउने ।

(ख) कमजोरहरुका लागि समान रुपमा शैक्षिक अवसर प्रदान गर्ने ।

(ग) शिक्षामा गुणात्मकता र सान्दर्भिकतामा विशेष जोडदिने ।

(घ) पूर्व प्राथमिक कक्षाहरुको सञ्चालन स्थानिय निकाय र समुदायबाट हुने ।

(ङ) राष्ट्रिय भाषाहरुमा शिक्षा प्रदान गर्न आवश्यक कदम चालिने ।

(च) स्थानिय निकाय, अभिभावक, समुदायमा व्यवस्थापनको विकेन्द्रिकरणलाई प्राथमिकता दिने ।

(छ) भौतिक तथा आर्थिक सुविधाहरु विस्तार गर्ने ।

(ज) सबै गा.वि.स./नगरपालिकाहरुलाई आफ्नो क्षेत्रमा प्राथमिक विद्यालयहरुको स्थापना र सञ्चालनको जिम्मा दिने । (शिक्षा मन्त्रालय, १९९९)

नेपालको गरिवीको वहुआयामिक विशेषता रहेको कुरालाई हृदयङ्गम गर्दै दशौं योजनामा शिक्षाका लागि नीतिगत उद्देश्य नामक मस्यौदा पत्रले गरिवी न्यूनीकरण तर्फ ध्यान दिने प्रयास गरेको देखिन्छ । नवौं योजनाको शिक्षा तर्फको उद्देश्यमा दलित तथा पिछडिएका जनजातिहरुलाई शिक्षाको अवसर प्रदान गरी राष्ट्रिय मूलधारमा समाहित गर्न दलित छात्रवृत्ति उपलब्ध गराउने भनिएको तथा कार्यान्वयन गरिदैं आएको पाइन्छ । दशौं योजनाले पनि गरिवीको रेखामुनी रहेका अपाङ्ग, महिला, दलित तथा पिछडिएका जनजातिहरुलाई निशुल्क शिक्षा एवं छात्रवृत्ति प्रदान गरी शिक्षाको माध्यमबाट गरिवी घटाउने उद्देश्य अनुरुप प्राथमिक तहको खुद भर्नादर ९०% पुऱ्याउने, महिला शिक्षकको अनुपात ३०% पुऱ्याउने लक्ष्य राखेको छ ।

सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (२००१-२०१५) मा आधारित 'सबैका लागि शिक्षा (२००४-२००९)' को मूल दस्तावेजले शिक्षा प्रत्येक बालकको अधिकार हो भन्ने तथ्यलाई अङ्गीकार गरी प्राथमिक तहको खुद भर्नादर ९६% पुऱ्याउने, विद्यालय बाहिर रहेका अपाङ्ग, निर्धन, जनजाति, दलित तथा भाषिक रुपमा पछिपरेका समेतलाई प्राथमिक शिक्षाको पहुँचभित्र ल्याउने उद्देश्य राखेको छ । साथै यसले दशौं योजनाले तय गरेको अवधारणा अनुरुप गरिवी न्यूनीकरणमा विशेष रुपले लक्ष्य राखेको हुँदा, लक्षित वर्ग खास गरी बालिकाहरु, सुविधाविहीन समुदायका दलित, अपाङ्ग बालबालिकाहरुलाई विद्यालय जान प्रोत्साहन एवं विद्यालय छाड्ने दर घटाउन

छात्रवृत्तिको व्यवस्था गरेको छ । "उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५" ले भाषाका कारणबाट विद्यालय पहुँचवृद्धि तथा शैक्षिक क्षति कम गर्न मातृभाषामा प्राथमिक शिक्षा दिने नीतिलाई अवलम्वन गरेको देखिन्छ (उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५) ।

नेपाल सरकारद्वारा वि.सं. २०२१ सालमा 'मुलुकी ऐन' लागु गरेदेखि नै दलित तथा उत्पीडित समुदाय सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । हाल नेपाल सरकार शिक्षा विभागबाट दलित छात्रवृत्ति कोषको समेत व्यवस्था गरिसकिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ अनुसूची १८ ले शिक्षालाई आधारभूत आवश्यकता तथा अधिकारको रुपमा परिभाषित गरेको थियो भने त्यसैको भाग - ४ को धारा - २६ को उपधारा - १० मा दलित तथा पिछडिएका जनजातिहरुलाई शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी उक्त समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्वन गर्नेछ भन्ने कुरा उल्लेख गरिएको छ (नेपाल अधिराज्यको संविधान, २०४७) ।

प्राथमिक शिक्षाको अवसरबाट बञ्चित बालबालिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्न, विद्यालय बीचैमा छाड्ने प्रवृत्तिको अन्त्य गर्न र अन्य तहमा समेत दलित तथा पिछडिएका समुदायको छात्रछात्राहरुको सहभागिता र उपलब्धिस्तर बृद्धि गर्न नेपाल सरकारका अतिरिक्त विभिन्न गैर सरकारी संस्थाहरु तथा विभिन्न दातृसंस्थाहरुवाट पनि विविध प्रयासहरु भइरहेका छन् । यसैगरी साक्षरता र सीपमूलक, आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरी दलित तथा पिछडिएका समुदायको शिक्षामा पहुँच, सहभागिता तथा सुनिश्चितता अभिवृद्धि गर्न तथा उनीहरुको आर्थिक स्तर उकास्ने प्रयासहरु पनि भइरहेको छन् ।

समग्रमा हेर्दा नेपाल सरकारद्वारा दलित बालबालिकाहरुको शिक्षामा पहुँच तथा सहभागिता वृद्धि गर्न नीतिगत प्रयासहरु गर्दागर्दै पनि दलित बालबालिकाहरुको प्राथमिक तहको शिक्षा पनि पूरा नगरी बीचैमा विद्यालय छाड्ने प्रवृत्ति देखा परिरहेको छ । गैरसरकारी संस्थाहरुबाट समेत दलित समुदायका बालबालिकाका लागि सहयोगात्मक कार्यक्रमहरु सञ्चालित छन् । दुवै सरकारी तथा गैरसरकारी क्षेत्रबाट दलितहरुका निमित्त सहयोगात्मक कार्यक्रम सञ्चालन भइ रहँदा पनि दलित

बालबालिकाहरु किन प्राथमिक तह पूरा नगरी बीचैमा विद्यालय छाड्ने गर्दछन् भन्ने प्रश्न नै यस अध्ययनको अन्तर्वस्तु हो ।

## १.२ शीर्षक परिचय (Introduction to the topic)

परापूर्व कालदेखि नै हिन्दू धर्मको वर्णव्यवस्थाले दलितहरुलाई शुद्र वर्ण अन्तर्गतको सामाजिक रुपमा अस्पृश्य मानिसहरुको समूहको रुपमा लिएको छ । दलितहरु त्यस वेलादेखिनै शिक्षाको अवसरबाट बञ्चित रहँदै आएका हुन् र हालसम्म पनि उनीहरु अन्य उच्च जातिको तुलनामा शिक्षा क्षेत्रमा पछि परिरहेको अवस्था विद्यामान छ । नेपालमा प्रजातन्त्रको स्थापना पछि २०२१ सालमा मुलुकी ऐन लागू गरेदेखिनै दलित तथा उत्पीडित समुदायको उत्थानको लागि विशेष कार्यक्रमहरु सञ्चालित छन् । हाल नेपाल सरकारबाट दलितहरुको शैक्षिक पहुँच अभिवृद्धि तथा शैक्षिक क्षति कमगर्न दलित छात्रवृत्ति, निशुल्क प्राथमिक शिक्षा जस्ता प्रयासहरु भइरहेका छन् । गैह्रसरकारी संस्थाहरु पनि दलितहरुको शैक्षिक विकास गर्न र शैक्षिक क्षति कमगर्न विभिन्न नीति तथा कार्यक्रम मार्फत लागि परेका छन् तथापि दलितहरुको शिक्षामा पहुँच वृद्धि गर्न र शैक्षिक क्षति कम गर्न सकिएको छैन । शैक्षिक क्षति अन्तर्गत पर्ने प्राथमिक तह पूरा नगरी बीचैमा धेरै दलित विद्यार्थीहरुको विद्यालय छाड्ने प्रवृत्ति हालसम्म पनि विद्यमान छ । अतः शोधार्थीले नेपालको सुदुरपूर्वमा पर्ने झापा जिल्लाको मध्यउत्तरमा पर्ने शनिश्चरे स्रोतकेन्द्र भित्रको सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने दलित विद्यार्थीहरु प्राथमिक तह पूरा नगरी बीचैमा किन विद्यालय छाड्ने गर्दछन् ? भन्ने प्रश्नको उत्तर खोजी गर्ने ध्येयले 'सामुदायिक विद्यालयहरुका प्राथमिक तहमा अध्ययन गर्ने दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुका कारणहरु' शीर्षक चयन गरिएको छ ।

## १.३ समस्या कथन (Statement of the problem)

शिक्षाक्षेत्रमा दलित बालबालिकाहरुको अवस्था के कारणले गर्दा कमजोर छ ? र उनीहरुको शैक्षिक स्तर उकास्ने बिभिन्न सकारात्मक प्रयासहरु गर्दागर्दै पनि समाजका अन्य जातिका बालबालिकाहरुको तुलनामा यिनीहरुको शिक्षाक्षेत्रमा सहभागिता किन न्यून रहेको छ ? विद्यालयमा भर्ना भएका दलित बालबालिकाहरु मध्ये किन धेरैजसोले शैक्षिक सत्रको बीचैमा विद्यालय छाड्ने गर्दछन् ? जस्ता प्रश्नहरुलाई महसुस गरी सर्वसाधारण लगायत, अभिभावक, शिक्षाक्षेत्रसंग सम्बन्धित व्यक्तिहरु तथा निकायहरु, सरकारी, सामुदायिक तथा गैह्रसरकारी संघसंस्थाहरुको ध्यानार्कर्षण गर्ने ध्येयले शोधार्थीले झापा जिल्लाका मध्यउत्तर तर्फ पर्ने शनिश्चरे स्रोतकेन्द्र अन्तर्गत अर्जुनधारा, शनिश्चरे र खुदुनाबारी गरी जम्मा ३ वटा गा.वि.स. अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत प्रा.वि. तहका दलित छात्र छात्राहरुको शैक्षिक अवस्था किन कमजोर छ ? यस्तो अवस्था कसरी सृजना भयो ? उनीहरु विद्यालयमा भर्ना भएर किन बीचैमा कक्षा छाड्ने गर्दछन् ? उनीहरुका अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोण के कस्तो छ ? किन दलित बच्चाहरुको शैक्षिक सहभागिता वृद्धि हुन सकेको छैन ? विद्यालयमा भर्ना भएर पनि किन बीचैमा विद्यालय छाड्ने गरेका हुन् ? जस्ता गम्भीर सवालहरुबारे छानवीन गरी आवश्यक तथा उपयुक्त राय सुझाव पेश गर्ने ध्येयले यो शोधपत्रको शुरुवात गरिएको हो ।

नेपाल संसारका अति गरिव राष्ट्रहरु मध्येको एक हो । हालसम्म पनि यो देश अशिक्षा, अज्ञानता, गरिवी, रोग, भोक जस्ता समस्याहरुमा चुर्लुम्म डुबेको छ, फलस्वरुप यहाँ सबै वर्गका जनताहरुको समानुपातिक विकास हुन सकेको छैन । त्यसमा पनि दलित जातिहरुको शिक्षाभावका कारण स्थिति अझ दयनीय बन्दै गइरहेको छ । यद्यपि सरकारी तथा गैह्रसरकारी संस्थाहरुबाट उनीहरुको शिक्षामा छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण जस्ता कार्यक्रमहरु सञ्चालित गरिएका छन् तथापि सम्पूर्ण बालबालिकाले फाइदा उठाउन सकिरहेका छैनन् ।

नेपाल सरकारले विविध कार्यक्रमहरुमा लगानी गरिरहँदा पनि दलित बालबालिकाहरु शिक्षाक्षेत्रमा किन पछि परेका छन् ? विद्यालयको सेवाक्षेत्र भित्र रहेर पनि आफ्नो उमेर समूहका समुदायका अन्य बालबालिकाहरुको तुलनामा किन कम

सहभागी भइरहेका छन् ? उनीहरुको शिक्षामा सहभागिता न्यून भएर पनि किन नियमितता हुन सकेको छैन ? भर्ना भएर पनि विद्यालय बीचैमा छाड्ने कारणहरु के-के हुन्? यस्तो अवस्थाको सृजना कसरी भइरहेको छ ? के जातिय विविधताका कारणले यस्तो स्थिति आएको हो ? वा विद्यालयको व्यवहारले उनीहरुलाई समेट्न नसकेको वा विद्यालय जान नसकेका हुन् ? जस्ता अत्यन्त महत्त्वपूर्ण, गम्भीर र सान्दर्भिक प्रश्नहरुको जवाफ खोज्न गरिने यस अध्ययनमा निम्न प्रमुख समस्याहरु रहेका छन् :-

(क) दलित बालबालिकाहरुको बीचैमा विद्यालय छाड्ने कारणहरु बारे पर्याप्त अध्ययन नहुनु ।

(ख) दलित बालबालिकाहरु शिक्षाको अवसरबाट बञ्चित हुने कारणहरुको खोजी नहुनु ।

(ग) दलित बालबालिकाहरुका अभिभावकहरुको शिक्षा प्रतिको दृष्टिकोण बुझ्न नसक्नु ।

(घ) विद्यालय शिक्षामा दलित बालबालिकाहरुको सामायोजन हुन सक्ने र नसक्ने स्थितिको बारेमा थाहा पाउन नसक्नु ।

(ङ) दलित बालबालिकाहरुको शिक्षामा सहभागिता बढाउन कस्ता कार्यक्रमहरु ल्याउने भनी निक्योंल गर्न नसक्नु ।

(च) हालसम्म दलित बालबालिकाहरुको प्राथमिक शिक्षाको स्थितिका बारेमा पर्याप्त अध्ययन अनुसन्धान नहुनु ।

उल्लेखित निष्कर्षहरुलाई ध्यानमा राखी झापा जिल्लाको शनिश्चरे स्रोतकेन्द्रका २४ वटा सामुदायिक विद्यालयहरु मध्ये ६ वटा विद्यालयहरुमा अध्ययनरत दलित बालबालिकाहरुको शैक्षिक अवस्था कस्तो छ ? त्यसबाट सामाजिक विकासमा कस्तो प्रभाव परेको छ, अथवा त्यसले समानुपातिक सामाजिक विकासमा के कस्ता बाधा अप्ठ्याराहरु सृजना भएका छन् ? भन्ने सम्बन्धमा यो शोधपत्र केन्द्रित रहेको छ । अर्थात यस शोधपत्रको समस्या “सामुदायिक विद्यालयहरुका प्राथमिक तहमा अध्ययन गर्ने दलित विद्यार्थीहरुले बीचमा विद्यालय छाड्नुका कारणहरुसंग सम्बन्धित रहेको छ ।

## १.४ अध्ययनको औचित्य (Rationale of the study)

विद्यालयमा भर्ना हुन नसकेका र भर्ना भएर पनि बीचैमा विद्यालय छाड्ने सुविधाविहीन समूहका दलित बालबालिकाहरुलाई कसरी शिक्षित तुल्याउन सकिन्छ भन्ने प्रयास यो शोधपत्रको लक्ष्य रहने छ । कसरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाएर हामी विद्यालयभन्दा बाहिर रहेका विद्यालय उमेरका दलित बालबालिकाहरुको सिकाइ आवश्यकता पूरा गर्न सक्दछौं भन्ने यस शोधपत्रको लक्ष्य रहेको छ ।

शिक्षाले मानिसको मानसिक, आर्थिक, धार्मिक, राजनीतिक तथा सांस्कृतिक आवश्यकता परिपूर्ति गर्न सहयोग गर्नुपर्दछ । जबसम्म मानिसका यी आवश्यकता पूर्ति हुँदैनन् समाजको विकास सम्भव हुँदैन किनकि समाजको विकास मानवीय साधनको विकासमा भर पर्दछ । अर्को तर्फ व्यक्ति, समाज, राष्ट्र तथा विश्वकै सर्वाङ्गीण विकासका लागि सापेक्ष शिक्षाको आवश्यकता पर्दछ । दलित जातिको अझसम्म पनि शिक्षाप्रतिको अस्पष्ट धारणाका कारण यिनीहरुको शैक्षिक विकास हुन सकेको छैन । सदियौंदेखि नेपाली समाजमा व्याप्त सामाजिक भेदभाव, गरिवी र चेतनाको कमीले शिक्षा क्षेत्रमा पछि परेका छन् । अतः उपयुक्त उपाय अवलम्वन गरी दलित बालबालिकाहरुलाई सम्पूर्ण रुपमा शिक्षाका मूलधारमा समाहित गर्नु आजको टड्कारो आवश्यकता हो ।

सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरु समेतले साक्षरता वृद्धिका निमित्त विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरु सञ्चालन गर्नुका साथै विद्यालयहरुको भौतिक अवस्था सुधारमा योगदान पुऱ्याएता पनि साक्षरता दर वृद्धिमा खासै प्रगति भएको देखिदैन । त्यसकारण दलित समुदायका बालबालिकाहरुलाई कसरी शिक्षाको मूलधारमा समाहित गराउन सकिन्छ ? कसरी शतप्रतिशत भर्ना गराउन सकिन्छ ? कसरी शैक्षिक क्षतिको दर घटाउन सकिन्छ ? जस्ता प्रश्नहरुको सार्थक जवाफ पाउन यस अध्ययनको औचित्य रहेको छ । साथै यस अध्ययनले-

(क) नेपाल सरकार र अन्य संघसंस्थाले दलित बालबालिकाहरुका लागि सञ्चालन गरेका शैक्षिक कार्यक्रम र यसको लगानीले के कस्तो प्रभाव पारेको छ ? भन्ने प्रश्नको यथार्थ जानकारी प्राप्त गर्न सहयोग गर्नेछ ।

(ख) अध्ययन क्षेत्रका दलित बालबालिकाहरुको विद्यालय जाने र नजानेको संख्यात्मक स्थिति पहिचान गर्न सहयोग गर्नेछ ।

(ग) दलित बालबालिकाहरुको शिक्षामा रहेका बाधक तत्वहरुको बारेमा जानकारी प्राप्त हुनेछ ।

(घ) समस्या समाधानका निमित्त सम्भावित उपायहरु पहिल्याउन मद्दत गर्नेछ ।

(ङ) दलित बालबालिकाहरुको विद्यालय सहभागितामा वृद्धि तथा विद्यालय छाड्ने दर घटाउन राष्ट्रिय तथा जिल्लास्तरका योजना निर्माणमा सहयोग हुनेछ ।

(च) यस अध्ययन क्षेत्रमा गरिएको अध्ययनबाट अन्य क्षेत्रमा दलित बालबालिकाहरुको शैक्षिक स्थिति अध्ययन गर्न सजिलो हुनेछ ।

यस अध्ययनले यस्तै अन्य पिछडिएका क्षेत्रको प्रतिनिधिका रुपमा जानकारी दिनेछ । यसले गर्दा नेपाल सरकार एवं अन्य सरकारी तथा गैह्र सरकारी संस्थाहरुलाई नयाँ नयाँ कार्यक्रमहरु चयन गर्न र कार्यान्वयन गर्न मार्गदर्शन गर्ने भएकाले पनि यो अध्ययनको औचित्य रहेको कुरा स्पष्ट हुन्छ ।

## १.५ अध्ययनका उद्देश्यहरु (Objectives of the study)

यस अघि नै उल्लेख गरिसकिएको छ कि प्राथमिक तहमा भर्ना भएका बालबालिकाहरुले प्राथमिक तहको शिक्षा पनि पूरा गर्न सकिरहेका छैनन् । नेपालको शिक्षा क्षेत्रमा यो एउटा जटिल समस्या बनेको छ । त्यसकारण यस्तो समस्या निराकरण गर्ने उपायको खोजी गर्न यस शोध अध्ययनको उद्देश्य निम्नानुसार राखिएको छ ।

(क) दलित विद्यार्थीहरुको विद्यालय भर्नाको स्थिति अध्ययन गर्ने ।

(ख) कक्षा १ मा सहजै देखिने भर्नादर (GER) र खुद भर्नादर (NER) पत्ता लगाउने ।

(ग) दलित छात्रछात्राहरुको बीचैमा विद्यालय छाड्ने दर (Drop out rate) पत्ता लगाउने।

(घ) दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु पत्ता लगाई समाधानका उपायहरुको खोजी गर्ने ।

## १.६ अनुसन्धानात्मक प्रश्नहरु (Research questions)

दलित बालबालिकाहरुको विद्यालयमा पहुँच पत्ता लगाउन, उनीहरुको नियमितता र स्थिरता पत्ता लगाउन तथा त्यसको कारणहरुको पहिचान गर्न अनुसन्धानत्मक प्रश्नहरुको महत्वपूर्ण योगदान रहन्छ । यसका अतिरिक्त बालबालिकाहरु प्रति सम्बन्धित अभिभावक, शिक्षक, सहपाठी र विभिन्न संघसंस्थाहरुको धारणा बुझ्न र अध्ययन प्रतिवेदन तयार गर्न पनि अनुसन्धानात्मक प्रश्नहरुको ठूलो भूमिका रहने हुँदा निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु गरिएका छन् ।

(क) प्राथमिक उमेर समूहका दलित बालबालिकाहरुको विद्यालय पहुँचको अवस्था कस्तो छ ?

(ख) दलित बालबालिकाहरुको शिक्षामा पहुँच कसरी बढाउन सकिन्छ ?

(ग) के दलित बालबालिकाहरुले अन्य बालबालिकाहरु सरह शिक्षामा समान अवसर पाएका छन् ?

(घ) दलित बालबालिकाहरुका अभिभावकहरुले नानीहरुलाई विद्यालय पढाउने बारे कस्तो धारणा राख्ने गरेका छन् ?

(ङ) विद्यालय बीचैमा छाड्ने विद्यार्थीहरुले के कस्तो अवस्थामा विद्यालय छाड्ने गर्दछन् र यसका कारक तत्वहरु के-के हुन् ?

(च) बालबालिकाहरुलाई नियमित बनाउन र विद्यालय बीचैमा छाड्न नदिन के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

(छ) दलित बालबालिकाहरुको सहभागिता तथा नियमितता वृद्धि गर्न सम्बन्धित गा.वि.स., सरकारी र गैह्र सरकारी संघसंस्थाहरुले के कस्ता कार्यक्रमहरु सञ्चालन गरेका छन् ?

## १.७ अध्ययन क्षेत्रको परिचय (Introduction of research area)

यस अध्ययनको क्षेत्र झापा जिल्लाको सदरमुकाम चन्द्रगढीबाट करीब २२ कि.मि. उत्तरमा पर्ने शनिश्चरे स्रोतकेन्द्र अन्तगर्तका शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा.वि.स. मा सञ्चालित सामुदायिक विद्यालयहरुको प्राथमिक तहमा अध्ययन गर्ने दलित बालबालिकाहरुसंग सम्वन्धित छ । नेपालको मानचित्र अनुसार यो क्षेत्र करीव २६ं२०'१०" देखि २६ं ५०' ००" वीच उत्तरी अक्षांश र ८७ं ३९' देखि ८८ं १२' पूर्वी देशान्तरमा अवस्थित छ । यो क्षेत्र तराई प्रदेशमा पर्ने भएकाले यहाँको हावापानी उष्ण छ । यो क्षेत्र समुद्र सतहवाट १२३ देखि ५०० मीटर सम्मको उँचाईमा रहेको छ । यो क्षेत्र महेन्द्र राजमार्गबाट ५ कि.मि. उत्तरतर्फ रहेको छ (जि. वि. स.,प्रोफाइल, २०६४) ।

## १.८ अध्ययनको परिसीमा (Delimitations of the research)

शोधकर्ताका स्रोत साधन तथा समयको सीमितता समेतलाई ध्यनमा राखी यस शोध कार्यको क्षेत्र झापा जिल्लाको मध्य उत्तरमा पर्ने शनिश्चरे स्रोतकेन्द्र अन्तर्गत पर्ने शनिश्चरे गा.वि.स. का २, खुदुनाबारी गा.वि.स. का २ र अर्जुनधारा गा.वि.स. का २ गरी जम्मा ६ वटा विद्यालयका प्राथमिक तहमा अध्ययन गर्ने सम्पूर्ण छात्रछात्रा र त्यसमध्येमा पनि विशेष गरी दलित छात्रछात्राहरु रहने छन् । दलितभित्र देहायका जाति लोहार, सुनार, कामी, दमाई, सार्की, बादी, गाइने, कसाई, कुसुले, कुचे, च्यामे, पोडे,

चमार, धोबी, पासवान, तत्मा, डोम, वातर, खत्वे, मुसहर, सन्थाल, सतार, हलखोर पर्दछन् ।

यस शोधकार्यमा प्राथमिक तहमा अध्ययनरत दलित बालबालिकाहरुका अभिभावक तथा उनीहरुको शिक्षाका लागि प्रयत्नरत र सहयोग गर्ने प्र.अ., शिक्षक, वि.व्य.स., स्रोतकेन्द्र, जि.शि.का. झापा, नेपाल दलित संघ नयाँ किरण समाज, झापा जस्ता सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरुलाई समेत समेटिने गरी उनीहरुसंग प्रश्नावली, अन्तर्वार्ता लिनुका साथै ती संस्थाहरुका संकलित तथ्याङ्क तथा अभिलेख उपयोग गरी शोधपत्रलाई पूर्णता प्रदान गरिएको छ । यो अध्ययन शैक्षिक सत्र २०६३ र २०६४ मा आधारित छ । यस अध्ययनलाई अन्य क्षेत्रमा सामान्यीकरण गर्न सकिदैन ।

# अध्याय दुई

# सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

## (Theoretical Framework and Review of Related Literature)

## २.१ सैद्धान्तिक खाका (Theoretical framework)

अनुसन्धानको क्रममा अनुसन्धानकर्ताले आफ्नो अध्ययन क्षेत्रसंग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरी तिनीहरुलाई सिलसिलेवार रुपमा प्रस्तुत गर्नु पर्दछ । यस क्रममा अनुसन्धानकर्ताले विभिन्न साहित्यको पुनरावलोकन पछि निश्चित सिद्धान्तको चयन गरी त्यसलाई आफ्नो अध्ययनको आधार मान्नु पर्दछ, यसलाई सैद्धान्तिक खाका भनिन्छ । यस सोध प्रस्तावनामा उल्लेख गरिएको शीर्षकलाई पुष्टि गर्न सैद्धान्तिक अवधारणाको रुपमा समाजशास्त्री म्याक्स वेवर एवंम् डेभिस र मोरेको Social Stratification Theory लाई समेट्ने प्रयास गरिएको छ ।

**म्याक्स वेवर** (१९४५) को Social Stratification Theory अनुसार सामाजिक स्तरीकरणमा आर्थिक निर्णयवादलाई अस्वीकार गर्दै वर्ग विरोधलाई मान्यता दिइएको छ । सामाजिक स्तरीकरण असमान शक्तिको संगठित अभिव्यक्ति हो । स्तरीकरणमा शक्तिको महत्व बढी हुन्छ किनभने शक्तिले संख्यात्मक स्वरुप स्तरीकरणको सम्बन्धलाई जोड्दछ । शक्तिलाई सामाजिक स्तरीकरणको सम्बन्धमा तीन क्षेत्रमा विभाजन गरिएको छ । ती हुन्:- आर्थिक, सामाजिक र राजनैतिक । आर्थिक क्षेत्रमा वर्ग अनुसार, सामाजिक क्षेत्रमा स्थिति अनुसार र राजनैतिक क्षेत्रमा पार्टी अनुसार शक्तिका विभिन्न नाम रहेका हुन्छन् । वर्गस्थिति र पार्टी परस्पर एक आपसमा सम्बन्धित तथ्य हुन् । अनुसार वर्गस्थिति, समूह पार्टी र कुनै समुदायमा शक्ति वितरणको घटना हो । त्यसलाई उनले समूहको वर्ग मान्नु पर्दछ । वर्ग शब्दले समान परिस्थितिमा रहने कुनै पनि समूहको संकेत गर्दछ । सामाजिक

स्तरीकरण एक जटिल व्यवस्था हो । सामाजिक स्तरीकरणको मार्क्सवादी व्याख्या एक पक्षीय भएकोले  आर्थिक विषमतालाई नै स्तरीकरणको आधार मान्न सकिदैन । आर्थिक पक्ष सामाजिक स्तरीकरणको एक भाग मात्र हो ।  सामाजिक व्यवस्था तीन प्रकारले हुन्छ :- आर्थिक पक्ष, सामाजिक पक्ष र वैधानिक पक्ष । आर्थिक व्यवस्थामा वस्तु तथा सेवाको मात्राको आधारमा समाजका सदस्यहरुको स्तरीकरण हुन्छ । सामाजिक व्यवस्थामा प्रतिष्ठा वा सामाजिक सम्मानको आधारमा स्तरीकरण हुन्छ भने वैधानिक व्यवस्थामा सत्ताको आधारमा स्तरीकरण हुन्छ । सामाजिक जीवनमा यी तीनै पक्षले एक अर्कालाई प्रभावित गर्दछन् । स्तरीकरणको समस्यालाई विचार गर्दा यो तीनै व्यवस्थालाई ध्यानमा राख्न आवश्यक छ ।

स्तरीकरणको आधार 'शक्ति' हो । शक्तिका आधारमा समाजका विभिन्न व्यक्ति आफ्नो लक्ष्य प्राप्तिमा आश्वस्त हुन्छन् । जुन व्यक्तिसंग शक्ति हुन्छ उनीहरु अन्य व्यक्तिहरुको तुलनामा आफ्ना उद्देश्यहरु सहज रुपमा प्राप्त गर्दछन् । शक्तिको तात्पर्य त्यो अवसर र सुविधासंग छ जसका आधारमा कोही व्यक्ति अर्को व्यक्तिको विरोधका बाबजुद कुनै सामुहिक कार्यमा आफ्नो इच्छा पूर्ति भएको अनुभव गर्न सक्दछ । अर्को शब्दमा अर्को व्यक्तिले विरोध गर्दा गर्दै पनि आफ्नो इच्छा अनुसार चल्न सक्ने व्यक्ति नै शक्तिशाली हो ।

सामाजिक स्तरीकरणको व्याख्यामा सामाजिक जीवनका तीन पक्षसंग सम्बन्धित तीन प्रकारका शक्तिहरु उल्लेख गरेका छन् । आर्थिक व्यवस्थामा आर्थिक शक्तिको, वैधानिक व्यवस्थामा वैधानिक शक्तिको तथा सामाजिक व्यवस्थामा सामाजिक शक्तिको असमान वितरण हुन्छ । आर्थिक शक्तिको अभिव्यक्ति सम्पत्ति, वस्तु र सेवाको माध्यमद्वारा हुन्छ । सामाजिक शक्ति सामाजिक प्रतिष्ठाद्वारा प्रकट हुन्छ र वैधानिक शक्तिको अभिव्यक्ति सत्तामा हुन्छ । सामाजिक जीवनमा यी तीनै प्रकारका शक्तिको असमान वितरणका कारण नै स्तरीकरण हुन्छ । आर्थिक क्षेत्रमा स्तरीकरणद्वारा ठूला साना वर्ग बन्दछन् । सामाजिक क्षेत्रमा विभिन्न स्थिति समूहको जन्म स्तरीकरणद्वारा हुन्छ भने वैधानिक क्षेत्रमा स्तरीकरणद्वारा

राजनैतिक समूह तथा सत्ता समूहको जन्म हुन्छ । यस प्रकार सामाजिक व्यवस्था अन्तर्गत विभिन्न शक्तिको विभाजन नै सामाजिक स्तरीकरण हो ।

सामाजिक सम्मान शक्तिको प्रेरक तत्व हो । शक्तिको उद्देश्य नै सामाजिक प्रतिष्ठा प्राप्त गर्नु हो । धनी हुनका लागि मात्र व्यक्ति आर्थिक शक्तिको इच्छा गर्दैन बल्की सामाजिक सम्मान प्राप्त गर्न व्यक्ति धनको इच्छा गर्दछ । सामाजिक सम्मानको प्राप्तिले नै उसलाई आर्थिक वा राजनैतिक शक्ति प्राप्त गर्न प्रेरणा दिन्छ । यदि कुनै व्यक्तिलाई सामाजिक प्रतिष्ठा प्राप्त भइसक्छ त्यो व्यक्ति नै धनी पनि हुनसक्छ र राजनैतिक शक्ति पनि प्राप्त गर्न सक्छ । अतः सामाजिक स्थितिको वितरणले नै व्यक्तिलाई शक्तिप्रति आकर्षित गर्दछ । स्थिति र शक्ति परस्पर घनिष्ठ रुपमा सम्बन्धित छन् । यसै कारणले स्तरीकरणको प्रमुख आधार सामाजिक सम्मानको असमान वितरणलाई मानेको छ । सामाजिक सम्मान सबैलाई समान रुपमा प्राप्त  हुदैन । शक्ति र अवसरका आधारमा सामाजिक सम्मानको वितरण हुनजान्छ ।

सामाजिक व्यवस्थाको व्याख्या सामाजिक सम्मानको वितरण व्यवस्थाको आधारमा गरेको हुन्छ । उनले सामाजिक व्यवस्थाको परिभाषा यस प्रकार दिएका छन्:- “त्यो तरिका जसद्वारा समुदायमा भाग लिने विशिष्ट समूहमा सामाजिक सम्मानको वितरण हुन्छ त्यो नै सामाजिक व्यवस्था हो” । यस परिभाषा अनुसार सामाजिक स्तरीकरण नै एक प्रकारको सामाजिक व्यवस्था हो । अतः सामाजिक व्यवस्था र आर्थिक व्यवस्थाले एक अर्कालाई निर्धारण गर्दछन् । आर्थिक वर्ग र सामाजिक स्थिति पनि परस्पर सम्बन्धित हुन्छन् । सामाजिक सम्मानले मानिसको स्थितिमा अन्तर गर्दछ र फरक फरक स्थिति भएका व्यक्तिहरुको समूहलाई नै प्रायः वर्ग भनिन्छ । उपर्युक्त भनाइको अभिप्राय त्यस शक्तिसंग छ जसलाई समाजले मान्यता दिन्छ र स्वीकार गर्दछ अर्थात् जसको संस्थाकरण भएको छ ।

वर्ग यस्तो समूह हो जसको स्थितिको निर्धारण आर्थिक व्यवस्थाको आधारमा प्राप्त अवसर र सुविधाहरुबाट हुन्छ । वर्गको परिभाषा यस प्रकार गर्न सकिन्छ “वर्ग शब्दले यस्तो कुनै मानव समूहको संकेत गर्दछ जो एकै प्रकारको वर्ग परिस्थितिमा  रहन्छ” । विभिन्न वर्गको निर्धारण भौतिक सम्पत्तिको वितरणको

आधारमा हुन्छ । भौतिक सम्पत्तिको अर्थ वस्तु र आयका अवसरको वितरणसंग छ, जुन मानिससंग सम्पत्ति हुन्छ उनीहरु अधिक वस्तु प्राप्त गर्न सक्दछन् आर्थिक सेवा प्राप्त गरी उत्पादन साधनहरुलाई आफ्नो नियन्त्रणमा राख्दछन् । यो वर्ग सम्पत्तिको स्वामित्वको वर्ग हो सम्पत्तिहीन वर्गसंग सेवा र श्रम मात्र हुन्छ जसबाट जीवित रहन योग्य वस्तु प्राप्त गर्दछन् । यस प्रकार समाजमा दुई वर्ग हुन्छन्:- सम्पत्तिवान् तथा सम्पत्तिहीन, जसको स्थिति आर्थिक सम्पत्तिबाट निर्धारण हुन्छ । सम्पत्तिवान् तथा सम्पत्तिहीन वर्ग गरी दुई वर्गमा बाँड्न सकिन्छ जस अन्तर्गत धेरै उप-वर्ग हुन सक्दछन् । यस उप-विभाजनका दुई आधारहरु छन् । (१) सम्पत्तिका प्रकार (२) सेवाका प्रकार । जोसंग सम्पत्ति हुन्छ उनीहरुलाई सम्पत्तिका प्रकारका आधारमा फरक-फरक उप-वर्गमा विभाजन गर्न सकिन्छ । जस्तै मिल मालिक, व्यवसायी आदि अर्कोतर्फ सेवाको प्रकारको आधारमा पनि धेरै उप-वर्ग हुन सक्छन् । जस्तै : शिक्षक, ड्राइभर, घरेलु नोकर आदि ।

बजारको स्थिति नै वास्तवमा वर्गलाई बुझ्ने निर्णायक कारक हो । आधुनिक युगमा आर्थिक जीवनको आधार व्यक्तिगत सम्पत्ति हो । कुनै यस्ता व्यक्ति पनि हुन्छन् जोसंग कुनै सम्पत्ति पनि हुदैन न कुनै वस्तु र सेवाको प्रयोगको अवसर प्राप्त गर्न सक्छन् । यस्ता व्यक्तिलाई कुनै पनि वर्गमा राख्न सकिंदैन, किनकि उनीहरु न त आर्थिक दृष्टिकोणले सम्पत्तिका स्वामी हुन्छन् न त सेवाहरु प्रदान गर्ने स्थितिमा हुन्छन् यस्ता व्यक्तिलाई नै दास भनिन्छ ।

वर्गहित जस्ता कुनै पनि धारणालाई मान्यता दिइँदैन । उनका विचारमा एउटै वर्गबाट सम्बन्धित व्यक्तिका प्रतिक्रियाहरुमा असमानता हुन सक्छ । वर्गहितको अवधारणालाई निम्न आधारमा स्वीकार गर्न सकिँदैन । पहिलो आधार त यो हो कि प्रत्येक व्यक्ति आफ्नो हितलाई पूरा गर्नका लागि आफ्नो योग्यता र क्षमता अनुसार प्रयत्न गर्दछ दोस्रो आधार यो हो कि हितको लागि समूह या वर्गद्वारा गरिने आशा बदलिन्छ । जस्तै-मजदुर आफ्नो हितलाई पूरा गर्न आफ्नै ढंगबाट प्रयत्न गर्दछ । ऊ आफ्नो हित पूरा गर्नका लागि मजदुर यूनियनको भरोसामा रहन सक्दैन किनकि ऊ उसबाट अधिक आशा गर्न सक्दैन ।

सामाजिक क्षेत्रमा सामाजिक शक्तिको आधारबाट मानिसको स्थितिको स्तरीकरण हुँदै जान्छ, समाजका सदस्यहरुको सामाजिक सम्मानको वितरण समान रुपले हुँदैन । समाजिक सम्मानको मात्राको अन्तर तथा रहन-सहनको स्तरको अन्तरले मानिसको स्थितिमा अन्तर उत्पन्न गर्दछ । स्थितिको निर्णय र सम्मानको मात्रा व्यक्तिले स्वयं निर्धारण गर्न सक्दैन् समाजका अन्य सदस्यहरु हाम्रो मूल्याङ्कन गर्दछन् र हामीलाई सम्मान प्रदान गर्दछन् । समाजिक व्यवस्थामा अन्य व्यक्तिहरुद्वारा हाम्रो मूल्याङ्कनको आधारमा हाम्रो सामाजिक प्रतिष्ठा निर्धारण हुन्छ । रहन-सहनको तरिका उपभोगको स्तर, शिक्षा, व्यवसाय, नातेदार आदि अनेक कारकले सामाजिक सम्मानलाई प्रभावित गर्दछन् । अतः यी सबै स्थितिको निर्धारक तत्वहरु पनि छन् र यी सबै कारण अधिकतम आर्थिक शक्तिद्वारा प्रभावित हुन्छन् । यसकारण आर्थिक शक्ति सामाजिक स्थितिलाई निश्चित गर्न महत्वपूर्ण छ । उच्चतम आर्थिक स्थिति भएको व्यक्ति अनिवार्य रुपले सामाजिक सम्मान प्राप्त गर्न सक्छ । आर्थिक दृष्टिले कमजोर व्यक्ति पनि अन्य योग्यताका कारण उच्च सामाजिक प्रतिष्ठा प्राप्त गर्न सक्दछ ।

उपर्युक्त विवेचनाबाट स्पष्ट हुन्छ कि आर्थिक व्यवस्था तथा राजनैतिक व्यवस्था दुबै वैधानिक व्यवस्थासँग सम्बधित हुन्छन् । राजनैतिक क्षेत्रमा व्यक्तिको शक्ति उसको आर्थिक तथा सामाजिक स्थितिले प्रभावित हुन्छ । कुनै अर्को अवस्थामा आर्थिक तथा सामाजिक शक्तिले राजनैतिक स्थितिलाई प्रभावित गर्दछ । यसप्रकार आर्थिक शक्ति, राजनैतिक शक्ति तथा सामाजिक शक्ति एक आपसमा सम्बन्धित हुन्छन् र व्यक्तिको सामाजिक स्तरीकरणमा माथिल्लो वा तल्लो स्थान प्रदान गर्नमा यी तीनवटै पक्षको महत्त्वपूर्ण योगदान रहेको हुन्छ (वर्मा,१९९९, सामाजिक विभेदीकरण) ।

**डेभिस तथा मुरे (१९४५)** ले प्रतिपादन गरेको सिद्धान्तलाई सामाजिक स्तरीकरणको प्रकार्यात्मक सिद्धान्त भनिन्छ । उनीहरुका अनुसार कुनै पनि समाज स्तरीकरणहीन हुँदैन । स्तरीकरणको प्रकृति प्रत्येक समाजमा समान हुँदैन । आफ्नो आवश्यकता अनुसार समाजले स्तरीकरण व्यवस्थाको विकास गर्दछ । सामाजिक स्तरीकरणको सम्बन्ध मानिसको स्थिति र त्यो स्थितिको सम्बन्ध

प्रतिष्ठासंग हुन्छ । सामाजिक स्तरीकरण एक प्रकार्यात्मक सामाजिक आवश्यकता हो । प्रत्येक समाजको अस्तित्वको लागि यो आवश्यक छ कि सामाजिक संरचना अन्तर्गत व्यक्तिलाई केही स्थान र उत्तरदायित्व वहन गर्नका लागि समाजले प्रेरित गर्दछ । व्यक्तिको मनमा केही स्थान प्राप्त गर्न र त्यो स्थानसंग सम्बन्धित कर्तव्यलाई पूरा गर्ने इच्छा जागृत हुन्छ । जुन समाजमा प्रतिस्पर्धा बढी पाइन्छ त्यहाँ स्थानका लागि प्रेरणा दिइन्छ र जुन समाजमा प्रतिस्पर्धाको अभाव हुन्छ त्यहाँ कर्तव्यको प्रेरणा दिइन्छ । समाजमा केही स्थान प्रकार्यात्मक दृष्टि भन्दा बढी महत्त्वपूर्ण हुन्छन्, ती स्थान आकर्षक हुन्छन् तर त्यसका लागि विशेष प्रतिभा र क्षमताको आवश्यकता हुन्छ । समाजका सदस्यहरुलाई ती स्थानतर्फ आकर्षित गर्नका लागि समाजले केही पुरस्कारको व्यवस्था गर्दछ, जो स्थान अनुसार वितरण गरिन्छ । महत्त्वपूर्ण स्थानका लागि आकर्षक पुरस्कारको व्यवस्था गरिन्छ किनकि त्यो स्थान प्राप्त गर्ने व्यक्तिले आवश्यक योग्यता र क्षमताको आर्जन गर्न सकोस् । उक्त पुरस्कारहरुलाई तीन प्रकारले उल्लेख गर्न सकिन्छ ।

(१) आजिविका तथा सुविधाका वस्तु - जसको सम्बन्ध भौतिक आवश्यकताको पूर्ति गर्नु तथा आरामदायक जीवन विताउन सहायक आर्थिक सुविधासंग हुन्छ ।

(२) आनन्द र उल्लास वृद्धि गर्न सक्ने वस्तु ।

(३) आत्मसम्मान तथा उच्च भावनाका विस्तारमा वृद्धि गर्न सक्ने वस्तु ।

उपर्युक्त पुरस्कारहरुको असमानताले नै मानिसको स्थान तल र माथि हुन्छ अर्थात् स्थानको आधारमा पुरस्कारको वितरणद्वारा नै सामाजिक स्तरीकरणको जन्म हुन्छ । पुरस्कार एक प्रकारले व्यक्तिको अधिकार हो जुन उसको स्थानसंग जोडिएको हुन्छ । सामाजिक असमानता अचेतन रुपबाट विकास भएको पद्धति हो, जसले समाजलाई यो आश्वासन प्रदान गर्दछ कि सबभन्दा बढी महत्त्वपूर्ण स्थानमा सोच-विचार गरी योग्य व्यक्तिहरुको नियुक्ति हुन्छ । सामाजिक स्तरीकरण जातिगत, वर्गगत र सामन्तवादी स्वरुपको रुपमा व्याख्या नगरी प्रकार्यात्मक महत्त्वका दृष्टिले स्तरीकरणको व्याख्या गरिएको छ । उनका

विचारमा सामजका केही स्थानहरु महत्त्वपूर्ण हुन्छन् जसलाई प्राप्त गर्न विशेष क्षमताको आवश्यकता पर्दछ । स्थान प्राप्तिका लागि आवश्यक क्षमता र प्रशिक्षण प्राप्त गर्ने प्रतिभा कमै मानिससंग  हुन्छ । समाजद्वारा विभिन्न स्थानका लागि प्रदान गर्ने पुरस्कारको असमानताले नै मानिसको स्थिति तल र माथि हुन्छ । सामाजिक स्तरीकरणमा समाजको प्रकार्यात्मक आवश्यकता हो र महत्त्वपूर्ण पदमा योग्य व्यक्तिको नियुक्ति गर्ने चेतन व्यवस्था हो (शर्मा,२०६१ शिक्षाका अधारहरु र जयसवाल १९९३, शिक्षाका सामाजिक आधार) ।

उपर्युक्त सिद्धान्तहरुलाई विश्लेषण गर्दा नेपालका दलितहरुको स्तरीकरणको सम्बन्धमा सामाजिक असमानता, आर्थिक कमजोरी तथा राजनैतिक पछौटेपनले प्रभाव पारेको छ । दलितहरुमा उच्चतम पुरस्कार प्राप्त गर्ने क्षमताको अभावमा पिछडिएको मान्न सकिन्छ ।

दलित जातिका बालबालिकाहरुको विद्यालय सहाभागितामा वृद्धि गराउन तथा विद्यालय बीचैमा छोड्ने दर कम गराउन उनीहरुलाई अवसरको सुविधा, समानुपातिक व्यवहार एवं समान अवसर प्राप्त गराउने वातावरण सिर्जना गराउनमा उपरोक्त सिद्धान्त उपयुक्त एवं सार्थक भएको मान्न सकिन्छ । सार्वजनिक विद्यालयहरुका प्राथमिक तहमा अध्ययन गर्ने दलित विद्यार्थीहरुले तह पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरु अध्ययन गर्ने क्रममा त्यससंग सम्बन्धित केहि लेख, पुस्तक प्रतिवेदनहरुको अध्ययन अवलोकन गरियो र सो को सार यस प्रकार छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन ( Review of related literature )

**सेरिड (१९९७)** बाट आधारभूत प्राथमिक शिक्षा योजनाको लागि तयार गरेको **"शैक्षिक अवसरविहिन समूहको लागि सामाजिक सहकार्य"** भन्ने अध्ययन प्रतिवेदनमा भनिएको छः- अवसर वा सुविधाविहीन बालबालिकाहरुको शैक्षिक सहभागितामा

असर पार्ने तत्वको रुपमा आर्थिक, सामाजिक, सांस्कृति र परम्परागत कारणहरुलाई उल्लेख गरिएको छ । नेपालको प्रतिव्यक्ति आय एकदम न्यून छ । विद्यालय भर्ना हुन नपाउने वा बीचैमा विद्यालय छोड्ने बालबालिकाहरुमा सामाजिक, राजनैतिक रुपले अवहेलित समूहका बालबालिकाहरु पर्दछन् । अवसरविहीन सामजको अध्ययन गर्दा उनीहरुको आर्थिक अवस्था एकदमै कमजोर छ ।

अध्ययन प्रतिवेदनमा अगाडि विभिन्न अवसरविहीन जातिहरुको बारेमा उल्लेख गरिएको छ । उदाहरणका लागि दार्चुलाका भाँड जातिका मानिसहरु खानाको लागि गाउँ गाउँमा नाच्न र गाउन गएका हुन्छन् भने सिराहाका मुसहरहरु एकदमै न्यून ज्यालामा कृषि मजदुरी र खाना जुटाउन मुसाहरुको दुलो खनेर त्यसमा रहेको खाद्यान्न संकलन गरी गुजरा गरीरहेको कुरा उल्लेख गरिएको छ ।

प्रतिवेदनमा अगाडि भनिएको छ पश्चिम तराईको कपिलवस्तुमा थारु बच्चाहरु बँधुवा मजदुर बन्नका लागि जन्मेका हुन्छन् र उनीहरुका आमा बाबु स्वतः बँधुवा मजदुर रहेका छन् ।  उनीहरुका मालिकले उनीहरुलाई विक्री गर्न योग्य सम्पत्ति मानेका हुन्छन् । यस्तै किसिमले पश्चिम क्षेत्रको बर्दियाका बादी समुदायका महिलाहरु अर्थोपार्जनका लागि यौन व्यवसायमा संलग्न छन् । वास्तवमा सीमित आर्थिक साधनले धेरैजसो सामाजिक समूहमा शिक्षा महंगो बनाइदिएको छ । उदाहरणका लागि १० बर्षको मुसहर समूहको बालक जुन खानाको अभावमा धेरै जसो भोकै बस्दछन् र आवश्यक लुगा विना नै बसिरहेका छन् भने विद्यालय शिक्षाको बारेमा उसको जीवनमा कुनै स्थान हुदैन ।

अध्ययन प्रनिवेदनमा विभिन्न जिल्लाको समाज, समुदायहरुको मोटामोटी आर्थिक अवस्था र शैक्षिक अवस्थाको बारेमा उल्लेख गरिएको छ । जसमध्ये केहीका बारेमा यसप्रकार उल्लेख गरिएको छ ।

सिराहाका मुसहरहरु भूमिविहीन मजदुर, विपन्न र अस्पृश्य जातिमा पर्दछन् । सामाजिक भेला भएको सार्वजनिक ठाउँमा मुसहर बालबालिकाहरु सामाजिक रुपमा स्वीकार्य छैनन् । उनीहरु शारीरिक र मानसिक रुपले अरु मानिसहरुका सामुन्ने

आउदैनन्, उनीहरुका लागि अन्य उच्च जातिका बालबालिकाहरुको दाँजोमा विद्यालय शिक्षा सहज छैन ।

यस्तै अन्य समुदायको आर्थिक र शैक्षिक अवस्थाका सम्बन्धमा जुम्लाका सार्कीहरुको बारेमा उनीहरु भूमिविहीन ज्यालादारी मजदुर हुन् र जुत्ता चप्पल मर्मत गर्ने गर्दछन् । सामाजिक रुपमा अस्पृश्य छन् । बालबालिकाहरु आफ्नो आमा बाबुसंग काम गर्न बाध्य हुन्छन् । अभिभावक विद्यालय शिक्षाबाट हुने लाभ बारे सचेत छैनन् । विद्यालय जाने बालबालिकाहरु मध्ये धेरैजसो असफल हुन्छन्, उनीहरु विद्यालय जाने सम्बन्धमा इच्छुक देखिदैनन् ।

सल्यानका कामी जातिका सम्बन्धमा उनीहरु भूमिविहीन लोहार हुन्, खेती र भान्छामा प्रयोग हुने ज्यावल र भाँडाहरुको मर्मत गर्दछन् र अस्पृश्य हुन् । बालबालिकाहरु बलजफ्ती आमा बाबुसंग काम गर्न लगाइन्छन् । विद्यालय जाने गरेका पनि सफल छैनन् । यस्तै सल्यानका बादी जातिका सम्बन्धमा भनिएको छः- भूमीविहीन, माछाको शिकार गर्ने, महिलाहरु यौन व्यवसायमा संलग्न अस्पृश्य छन् । बादी जातका बालबालिकाहरुको शैक्षिक अवस्था माथि उल्लेखित अन्यको भन्दा चिन्ताजनक छ ।

यस्तै प्रकारले दार्चुलाका भाँड जातिको आर्थिक र शैक्षिक स्थितिका सम्बन्धमा उनीहरु भूमीविहीन छन् । नाच्ने र गाउने, मागी खाने, माछा मार्ने, हुक्का सुल्फा बनाउने र बेच्ने अनि सामान्य मजदुरी गर्ने पेशामा संलग्न छन् र अस्पृश्य छन् । सामान्य भेलाबाट पनि वहिष्कृत हुने यी जातिका लागि विद्यालय शिक्षा एउटा सपना हो । बालबालिकाहरुलाई विद्यालय पठाउनु पर्दछ भन्ने सन्दर्भमा यिनीहरुमा आत्मविश्वासको कमी छ । आछाम जिल्लाका दलित (सार्की, कामी, भूल आदि) भुमीविहीन छन्, कृषि, भरिया जस्ता कार्यमा संलग्न छन् । अस्पृश्य हुनुका साथै बालविवाह गर्छन र बालिका शिक्षालाई आवश्यक ठान्दैनन् । यिनीहरुका अभिभावकहरु शिक्षाप्रति सचेत नहुने हुँदा बालबालिकाहरुलाई विद्यालय पठाउने सम्बन्धमा उत्प्रेरित देखिदैनन् । विद्यालय जानेहरुमा पनि अधिकांश असफलताका कारण शिक्षा प्रतिको धारणा नकारात्मक रहेको छ ।

प्रतिवेदनमा भनिएको छ हिन्दू सामाजिक प्रणालीको जाति विभाजनले निम्न श्रेणीका समूहलाई अवसरविहीन तहमा पुऱ्याएको छ, उनीहरुलाई अस्पृश्य घोषित गरेको छ । यस्तै मुसहर, भूल, सार्की, कामी बादी आदि जातिको शैक्षिक विकासमा विभिन्न वाधा व्यवधानहरु देखापरेका छन् । सामान्यतः धेरै समूहलाई परम्परागत व्यवसायमा पनि लगाइएको छ तर केही जातिमा परम्परागत व्यवसायभन्दा पनि निम्न श्रेणीमा झरेको पाइन्छ ।

प्रतिवेदनमा जातिगत मूल्य मान्यता र त्यसको कार्यान्वयनलाई यसप्रकार उल्लेख गरिएको छः- सिराहाका मुसहरहरुको सम्बन्धमा परम्परागत रुपमा भूमि/मुसाको दुलो खन्ने कार्य गर्दछन् । साक्षरता शिक्षाको कुनै परम्परा उनीहरुमा रहेको छैन । मुसहरहरु तराई आवादित रहे पनि सामाजिक रुपमा पृथक छन् । मुसहर र अन्य समुदायमा कुनै किसिमको सामाजिक अर्न्तक्रिया हुने गरेको पाईदैन । शैक्षिक चेतनाको कमी र दैनिक जीवनमा शिक्षाको सदुपयोगका बारेमा कुनै किसिमको दृष्टिकोण छैन । जुम्लाका सार्की जाति परंपरागत रुपमा भूमिहीन मजदुर हुन् । शिक्षा, साक्षरताको कुनै परम्परा छैन । आफ्नो दैनिक जीवनसंग शिक्षाको कुनै सम्बन्ध महशुस गरेका छैनन् । सल्यानका कामी र बादीहरु भूमिहीन मजदुर हुन्, शिक्षाको कुनै अर्थ छैन । शिक्षा दैनिक जीवनसंग सान्दर्भिक छैन । यस्तै किसिमले अध्ययन प्रतिवेदनमा दार्चुलाका भाँड र अछामका दलितहरुका बारेमा पनि परम्परागत भूमिहीन मजदुर हुन् भनिएको छ र शिक्षाप्रति उनीहरु पनि उदासीन रहेका देखिन्छन् ।

उपर्युक्त अनुसारको सामाजिक सांस्कृतिक आर्थिक अवस्था भए पनि दलित समुदायका केही बालबालिकाहरु नजिक विद्यालय, शिक्षकको दवाव, आमाबाबुको जीवन प्रवृत्ति, व्यवसाय बदल्ने चाहना, विद्यालय जाने आकांक्षा, निःशुल्क शिक्षा, सामाजिक दवाव आदि विभिन्न कारणले विद्यालय जान थालेको कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ ।

शिक्षाको आवश्यकता एवं महत्त्व सम्बन्धी जनचेतना कार्यक्रम, विद्यार्थी भर्ना अभियान कार्यक्रम, विद्यालय पहुंच बिस्तार जस्ता कार्यक्रमहरु सञ्चालन भएमा अवसरविहीन, शिक्षाप्रति उदासीन समूहका आमाबाबु आफ्ना बालबालिकाहरुलाई

विद्यालय शिक्षा दिलाउने कार्यप्रति उत्प्रेरित हुनेछन् भन्ने कुरा प्रतिवेदनको अन्तमा उल्लेख गरिएको छ (सेरिड, १९९७)।

(**सेरिड, २००१**) को Education and Development नामक पुस्तकमा हिरोयुकी हाताद्वारा "नेपाली जाति/सांस्कृतिक समूहबीच देखिएको शैक्षिक फरक र यसका कारणहरुको अध्ययन" नामक लेख प्रतिवेदनमा गोरखा स्थित एउटा प्राथमिक विद्यालयमा विभिन्न जातजाति बीच गरेको शैक्षिक अध्ययनको विश्लेषण निम्नानुसार गरिएको छ ।

सामान्यतया निम्न जाति भनिने कुमाल, कामी, सार्की र दमाई जस्ता बालबालिकाहरुको कक्षोन्नतिका साथै निरुत्साहित हुने क्रम बढेको छ । उच्च जातिको तुलनामा निम्न जातिका विद्यालय छोड्ने दर उच्च छ ।

रेखा चित्रको विश्लेषणमा उच्च जातिको सिकाइ उपलब्धि पनि उच्च रहेको छ भने निम्न जातिको सिकाइ उपलब्धि निम्न रहेको देखाइएको छ ।

लेख विश्लेषणमा भनिएको छ दुबै जाति बीचको उपलब्धिको फरक जति जति कक्षा उन्नति हुदै जान्छ त्यति नै बढी हुदै जान्छ । अर्थात् यस्तो फरक विद्यालयको प्रक्रिया र स्थितिले बनाएको छ न की जन्मजात रुपमा ।

यस्तै किसिमले दुवै जाति बीच उपस्थिति, नियमितता र सिकाइ उपलब्धि सम्बन्धमा पनि निम्न जातिको स्थितिलाई निम्न नै प्रदर्शित गरेको छ । उनीहरुको सिकाइ उपलब्धिमा नियमितताले पनि असर गरेको देखिन्छ । नियमितताको सम्बन्धमा अध्ययन गरिएकोमा निम्न जातिका अधिकांश बालबालिकाहरु घरायसी कामकाजले विद्यालयमा अनुपस्थित हुने देखाएको छ ।

अध्ययनमा अगाडि भनिएको छः– निम्न जातिका अभिभावक र विद्यार्थीहरु मध्ये उच्च जातिको उच्च शैक्षिकतहको इच्छालाई निम्न जातिको तुलनामा उच्च रहेको प्रस्तुत गरिएको छ ।

अन्तमा लेखकले विभिन्न जातजाति बीचको शैक्षिक भिन्नता र कारणको अध्ययन प्रतिवेदनले शैक्षिक, सामाजिक र मानव विकास प्रक्रियामा सहयोग पुऱ्याउने आशा लिएको छ (सेरिड, २००१) ।

**कोइराला (१९९६)** ले Schooling and the dalits of Nepal:- A case study of Bungkot Dalit Community नामक अनुसन्धान प्रतिवेदनमा नेपालको जातिवाद विषयको अध्ययनको क्रममा केही महत्त्वपूर्ण कुरा प्रकाश पार्नु भएको छ । यो case study लाई International/intercultural educational department of education policy studies, Edmonton, Alberta,Canada मा पेश गरिएको थियो । यो अध्ययन सोझै दलितमाथि केन्द्रित गरिएको हुनाले यसमा इतिहास कालदेखि दलित भनिनेहरु हिन्दु धर्मग्रन्थहरुमा शुद्र भनिएका छन् । यिनीहरुलाई ज्ञानको कुरा सुन्न नपाइने भन्ने तत्कालीन आम मान्यता ग्रन्थहरुमा आधारित थियो भनिएको छ । त्यसैले शुद्रहरु शिक्षित हुन नसकी आर्थिक दृष्टिले समेत निरपेक्ष गरिवीको रेखामुनि रहेकोले तिनीहरुको पहुँच हरेक क्षेत्रमा नभएको हो भन्ने कुरा उल्लेख गरिएको छ । वहाँले आफ्नो अध्ययन प्रतिवेदनमा विभिन्न चिन्तनहरु समावेश गरेको पाइयो । विलकास्ट (१९८२) का अनुसार वयस्क अवस्थामा उत्तरदायी भूमिका निर्वाह गर्न सिकाउनु शिक्षाको उद्देश्य हुनुपर्दछ । त्यस्तै Good Land का अनुसार तहगत शिक्षाका उद्देश्य र कार्य निर्धारण गरेको प्राय पाइदैन । राज्यद्वारा दुई प्रकारका विद्यालय संचालन गर्नाले परम्परागत र आधुनिक सोचको खिचडी प्रदर्शन भएको पाइन्छ । दलितहरुका लागि विद्यालयको विकास वा फैलावटलाई मात्रात्मक रुपमा मात्र वृद्धि गरेको पाइन्छ । विद्यालयको पढाइ भनेको विद्यार्थीहरुले विद्यालय भित्र विताउने समयलाई लिएको पाइन्छ । त्यसैले आर्थिक, मनोवैज्ञानिक तथा सामाजिक परिवर्तनहरु विद्यालयमा प्राप्त शिक्षाबाट आएको हो भन्न सकिने स्थिति छैन । पाश्चात्य रचनाहरुमा विद्यालय जाने कुरालाई दलितहरुको समस्या नभनेर सुविधा अप्राप्त वर्गको रुपमा लिइएको पाइन्छ ।

कलभर्ट राइट (१९८२) को भनाइमा मार्क्सले असमानताको लागि मानवीय क्रियाकलाप र तार्किक प्रवृत्तिलाई जिम्मेवार ठहऱ्याएका छन् । बुर्जुवा र सर्वहारा वर्गको सामाजिक संरचना नै सामाजिक असमानताको कारकतत्वको रुपमा रहेको

हुन्छ । नेपालका दलितहरु पनि विशिष्ट कामको आधारमा सामाजिकीकरणमा ध्रुवीकरण भएका छन् । बौद्धिक नेतृत्व वर्ग, समकालीन राजनीति, ब्राह्मण र शिक्षित समुदायले यस असमानतालाई स्वभाविक रुपमा लिएका छन् भन्ने कुरा प्रतिवेदनमा उल्लेखित छ । समाजमा हावी रहेको वर्गले आफ्ना अधिनका मानिसहरुलाई शक्ति दिन नचाहेकाले पनि सामाजिक असमानता भएको हो भन्ने तर्क दिएको पाइन्छ ।

एनथोनी गिड्डनका अनुसार कार्यकारी अधिकार र सांस्कृतिक तत्वहरुले असमानता सिर्जना गरेको हो भनेका छन् । कार्यको आधारमा आएको असमानताले दलित र बाहुनलाई छुट्टयाउँछ, अधिकारको कुराले बलियो र निर्धोलाई छुट्टयाउँछ, राजनीतिले शक्तिको आधारमा असमानता ल्याँउछ भने ठूलो वुद्धि भएकाले सानो वुद्धि भएकालाई हेपेर असमानता ल्याउँछ भन्ने धारणा पाइन्छ ।

शिक्षाशास्त्रीहरुले उच्चवर्गीय लेखक, वुद्धिजीविवर्गले आफ्ना लेख रचनाद्वारा पृथक बनाइएको वर्गलाई आफ्नो अधिनमा रहनुपर्ने विचार लेखे । कालान्तरमा पिढी दरपिढीसम्म यही कुराले वैधानिकता पायो र वर्ग परम्परा र संस्कृतिलाई बल मिलेको कुरा प्रतिवेदनमा उल्लेख रहेको छ । हाम्रा मनुस्मृति, वृहस्पतिस्मृति, शुक्रनीति र निर्णय सिन्धु आदि लेख्ने धार्मिक नेताहरुले जातिवादीको बाटो पक्का पारेको पाइन्छ । यसबाट उच्च वर्गमा उच्चताको भावना र निम्न वर्गमा हीनताको भावना विकास भएकाले यस्तो भेदभाव हटाउन हिन्दुत्वको यस विचारलाई छलफलमा ल्याउनु पर्छ । ब्राहमण जस्तै हामीले पनि ठूला भन्ने भेदको स्थिति ल्याउनु हुदैन भन्ने कुरा अध्ययनमा उल्लेख छ । 'बाहुनको हड्डी नै चोखो' भन्ने भ्रम त्यागेर सबैले संगै मिली काम गर्नुपर्छ । दलितका पुराना बानी, खानपान र जातिय स्वभाव बदल्नु पर्छ । दलितसंग सम्बन्धित पेशागत संगठन खोलेर त्यसको माध्यमले सरकारसंग अधिकारको माग गर्ने र पेशा विशेषको रुपमा चिनिने गरी जातीय हीन भावना हटाउनु पर्छ । दलितका बारेमा लेखिएका कुरा कहिल्यै पनि व्यवहारमा लागु गरिएन भन्ने कुरा उल्लेख गरिएको छ ।

बेलायती पाराको शिक्षाले दलितहरुलाई मद्दत नगरेकोले आलोचित पनि भयो । दलितहरुले चाहेको कुरा दिनुपर्छ र आदर्श विचारको बीजारोपण गर्न दिनुपर्छ ।

आधुनिक युगका नारी पुरुष सरह गुणहरुको विकास हुन दिनुपर्छ । उनीहरुलाई परम्परागत मनोवृत्तिलाई हटाएर व्यक्तिगत रुपमा प्रतियोगितात्मक परम्परातिर ल्याउनुपर्छ । जस्तो पपुवान्युगिनीमा (दक्षिणी अमेरिका) गरिवीबाट उम्कन कोसिस गराइयो । तिनीहरुलाई अरु जातका मानिसहरु संगै त्यसप्रकारको साहित्य पढ्न लगाउनु पर्छ जसबाट उनीहरु स्वयं जाति प्रथाबाट उम्कन सफल हुनेछन् ।

ग्राम्स्की अल्थुसार र पोलान्जस जस्ता मार्क्सवादीहरुको सैद्धान्तिक खाका अनुसार वाउल्स र जिन्टिसको नेपाल प्रतिको विचार अनुसार जुन किसिमको अनुसन्धान गरेपनि अलग अलग प्रकारका परिणाम पाइएका छन् । नेपालका दमाई, कामी, सार्कीहरुको कुनै आफ्नै नीति, भाषा, संस्कृतिलाई बचाई राख्नु पर्ने केही छैन, यति हो कि आर्थिक रुपमा परावलम्बी, राजनैतिक रुपमा गहणतामा नलिइएका र सांस्कृतिक रुपमा पानी चल्ने नचल्ने, छुन हुने वा नहुने कुरामा मात्र सीमित छन् ।

एकपटक दलितलाई मौका दिएर हेरेको खण्डमा (अमेरिका) तान्जानियामा भए जस्तै यहाँ पनि दलितहरुमा आत्मविश्वास जाग्ने छ । खाली पण्डित्याँइ देखाउने मात्र नभएर ज्ञानको प्रसारण गरिनु पर्छ । दलितहरुका लागि प्रथमतः सन्देशमूलक विद्यालय खोलिनु पर्छ जसमा दलितहरुले आफ्नो दलित्याईको अरुजातिका मानिसहरुसंग बसेर बहस गर्न सकुन्, चाहे भविष्यमा जस्तोसुकै परिणाम किन नहोस । दोस्रो कुरा सहयोगात्मक अनुसन्धानद्वारा उनीहरुले विद्यालयमा के परिवर्तन चाहेका छन् त्यो बुझ्नु पर्छ ।

दलितहरुका लागि राम्रो विद्यालय व्यवस्थापन म्याक्स वेवरको भनाइ अनुसार कसरी व्यवस्थापन गर्ने भन्ने छ । त्यसको समाधान कृषिक्षेत्रमा छोटो समयका कक्षाहरु र अन्य क्षेत्रमा लामो समयका कक्षाहरु खोलिनु पर्दछ । जसअनुसार अनौपचारिक कक्षाहरु (चेलिवेटी शिक्षा कार्यक्रम) जस्ता खोलिदिएर दलित बालबालिकाहरुलाई लाभ प्रदान गर्न सकिन्छ भन्ने विचार व्यक्त गरिएको छ । तर समस्या के भने दलित केटाकेटीहरु विद्यालयमा भोकै जान नपर्ने, खानाको कमी नपर्ने खालका हुनु आवश्यक छ । विद्यालयको समयको परिवर्तन मात्र एउटा बाटो भेटिएको छ, अर्को कुरा आर्थिक सहोगको छ । कुनै दलित बाहेक अन्य दलितलाई आर्थिक सहयोगको खाँचो छ यो खाँचो पूरा गर्न भैलो र देउसी प्रसंग पनि उल्लेख छ । गा. वि. स. र

धनी नागरीक समाजबाट पनि सहयोगको अपेक्षा गरिएको छ । विभिन्न उमेरका दलित बालबालिकाका लागि बहुकक्षा शिक्षणको प्रयोग गर्न शिक्षकहरुलाई थप तालिम दिइनु पर्छ। पढाउदा कसरी सिकाउन सकिन्छ भन्ने कुरामा बढी ध्यान दिदै सिक्न नसकेका कुराहरु उनीहरुको अभिभावकलाई भन्नु हुँदैन। जसबाट दलितहरुको भनाइमा अन्तर जातिय मित्रताद्वारा भेदभाव हटाउन सकियोस् । दलित छात्रछात्राहरुको उन्नति गराउन शिक्षकहरुको विद्यालय प्रतिको लापरवाही आलोच्य छ। तर मजदुरी गर्ने दलितहरु आफ्ना सन्तानलाई राम्रो शिक्षाको बारेमा सम्झाउन सक्दैनन् । त्यसैले हाट बजार जस्तो ठाउँमा यस प्रकारको प्रयोग गर्न सकिन्छ । तर यसरी अलग्गै कार्यक्रम गर्दा यसले राजनैतिक रुप लिएर समाजमा अव्यवस्था ल्याउन सक्छ । सिकाइ सञ्जाल (Learning Net) निर्माण र आमूल परिवर्तन गर्न Radical Government ले मात्र सक्छ । जहाँ संक्रमणकालीन अवस्थाको राज्य छ भने त्यहा विद्यालयमा आमूल परिवर्तन आउन सक्छ भन्ने कुरा उहाँको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ (कोइराला १९९६, Schooling and Dalits of Nepal)।

**शिक्षा नियमावली (२०५८ को तेस्रो संशोधन २०६२ को परिच्छेद २६)** मा दलित तथा जनजातिहरुलाई छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था निम्न बमोजिम गरेको देखिन्छः-

(१) विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीहरुलाई क्रमशः शतप्रतिशत, पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा पाँच प्रतिशत गरीब, अपाङ्गक महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिका लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशित गराउनुपर्नेछ । यसैगरी सोही परिच्छेदको उपनियम १५२ मा विद्यालयमा दलितहरुको बीचैमा

विद्यालय छाड्ने प्रवृत्ति (Dalit dropout) लाई निरुत्साहित गर्न निम्न बमोजिम व्यवस्था भएको देखिन्छ । निःशुल्क शिक्षा उपलब्ध गर्नु पर्नेः-

(१) सामुदायिक विद्यालयले गरिबीको रेखामुनि रहेका दलित जनजाति र महिला लगायत अन्य विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम निःशुल्क शिक्षा उपलब्ध गराउने प्रयोजनका लागि विद्यालयले त्यस्तो निःशुल्क शिक्षाका लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशन गर्नुपर्ने छ ।

**स्पष्टीकरण** :- यस नियमको प्रयोजनको लागि "गरिवीको रेखामुनि रहेका विद्यार्थी" भन्नाले दलित, जनजाति, महिला लगायत अन्य व्यक्तिको देहायबमोजिम भएको भनी गाउँ शिक्षा समिति वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिसमा व्यवस्थापन समितिले निर्णय गरेकालाई जनाउछ ।

(क) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यावसाय र आय आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई विद्यालयमा शुल्क तिर्न नसक्ने अवस्था रहेको ।

(ख) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदबन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको ।

(ग) राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको (**शिक्षा नियमावली, २०५८**) ।

**दशौ योजना** (२०५९-२०६४) अर्न्तगत शिक्षा क्षेत्रको दीर्घकालीन अवधारणा अनुसार शिक्षाका उद्देश्यहरुलाई स्पष्ट रुपमा किटान गरे अनुरुप दलित जनजाति उत्पिडीतहरुलाई शिक्षामा समाहित गराउन तपसिल बमोजिम उल्लेख गरेको पाइन्छ

(i) साक्षरता, साक्षरोत्तर आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरी विशेषतः पछिडिएको समुदाय तथा महिलाको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने ।

(ii) देश विकासको आवश्यकता अनुरुप गुणस्तरयुक्त शिक्षाको विकास र बिस्तार गर्ने तथा गुणस्तरीय प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउने ।

(iii) सबैको लागि शिक्षाको सर्न्दभमा महिला तथा अपाङ्गको लागि शिक्षाको अवसरमा पहुँच बढाउन विशेष व्यवस्था गर्ने ।

माथि उल्लेखित उद्देश्यहरु बाहेक दशौ योजनाले दलित तथा पिछडिएका जनजाति महिलाहरुलाई शिक्षामा निरन्तरता दिन तहगत समष्टिगत मुख्यमुख्य परिमाणत्मक लक्ष्यहरु निम्न अनुसार अवलम्बन गरेको देखिन्छ :-

(क) अनौपचारिक शिक्षाः- योजनाले निर्धारण गरेको साक्षरता प्रतिशतको लक्ष्य हासिल गर्न १२ लाख ६६ हजार निरक्षर प्रौढहरु विशेषतः महिला दलित, पिछडिएका जनजातिहरुलाई साक्षर बनाउने त्यसै गरी अनौपचारिक प्राथमिक शिक्षा तर्फ २ लाख बालबालिकाहरुलाई आधारभूत प्राथमिक शिक्षा प्रदान गर्ने ।

(ख) प्राथमिक शिक्षाः- प्राथमिक तहको खुद भर्नादर ९०% पुऱ्याउने, महिला शिक्षिकाहरुको अनुपात ३०% पुऱ्याउने, प्रतिवर्ष ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने महिला र पिछडिएका वर्ग दलित, पिछडिएका जनजाति, अपाङ्ग तथा आर्थिक दृष्टिकोणले पिछडिएका बालबालिकालाई छात्रवृत्ति दिने ।

(ग) माध्यमिक शिक्षाः- कुल भर्ना प्रतिशत निम्न माध्यामिक तहमा ६५% र मा.वि. तहमा ४५% पुऱ्याउने जसका लागि ५० हजार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने, यसरी छात्रवृत्ति प्रदान गर्दा छात्रा, पिछडिएको जनजाति र दलितले प्राथमिकता पाउने छन् ।

(दशौं योजना, २०५९ - २०६४)

यसरी दशौं योजनाले तय गरेको दलित तथा पिछडिएका जनजाति महिलाहरुलाई बीचैमा नै कक्षा छाड्ने (dropout) प्रवृत्तिलाई न्यूनीकरण (Reduction) गरी शिक्षामा निरन्तरता दिन तहगत समष्टिगतका मुख्य मुख्य परिमाणात्मक लक्ष्यहरुलाई पुरा गर्न नेपाल सरकारले सबैका लागि शिक्षा (EFA) अर्न्तगत निम्न बमोजिम थप प्रोत्साहनात्मक कार्यक्रम संचालन गरेको देखिन्छः-

i. ५०% सम्पूर्ण प्रा.वि. छात्रा छात्रवृत्ति कार्यक्रम :- यस कार्यक्रम अर्न्तगत विद्यालयमा अध्ययनरत छात्राहरु जसमध्ये दलित तथा जनजातिहरुलाई प्रति वर्ष रु. ३५० रुपैयाँका दरले छात्रावृत्ति उपलब्ध गराउने ।

ii. सम्पूर्ण दलित छात्रवृत्तिः- विद्यालयमा अध्ययनरत छात्र छात्रा मध्ये दलित समुदायका बालबालिकाहरुलाई प्रा.वि. तहमा प्रति विद्यार्थीलाई रु. ३५० प्रतिवर्षका तथा मा.वि./नि.मा.वि. तहमा रु. ५०० प्रति विद्यार्थी प्रति वर्षका दरले छात्रवृत्ति उपलब्ध गराउदै आएको छ । (EFA) ।

**थापा, (२००१)** "Learning Strategy for out of school children from Dalit Community" शीर्षकको शोध पत्र अनुसार प्रजातन्त्रको प्रादुर्भावपछि पनि नेपालको प्रशासनिक संयन्त्रमा अझैपनि ब्राह्मण र क्षेत्रीहरुको वर्चस्व रही आएको छ । अर्को शब्दमा भन्नुपर्दा उच्च जातिहरुले शक्तिकेन्द्रमा आफ्नो पूर्ण वर्चस्व कायम राखेको छ । वहाँका अनुसार ब्रिटिश शिक्षा प्रणाली नेपालमा १९ औं शताब्दीको शुरुवातमा भयो र त्यो राज घरानियाँ र दरबारियाहरुमा मात्र सीमित रह्यो । सन् १९५० मा प्रजातन्त्रको प्रारम्भ पछि पनि राज्यले शिक्षा सबैका लागि दिएको थिएन । वर्णाश्रम प्रथामा शिक्षित उच्च जातिका ब्राह्मण एवं क्षेत्रीहरुले आफ्ना समुदायहरुमा विद्यालय खोलेर आफ्ना नानीहरुलाई शिक्षित गर्न थाले ।

१९५० ताका साक्षरता दर २% थियो तर सन् २००० मा ५८% हुन पुगेता पनि अशिक्षाको प्रतिशत पनि दिनहुँ बढी डरलाग्दो क्रममा देखा परिरहेको छ । उदाहरण स्वरुप ब्राम्हणमा शैक्षिक प्रतिशत ६०% दलित अछुतहरु, मुसहर समुदायमा मात्र ४.२% (CERID-1999) देखापरेको छ । नेपालले १५ वर्षे सवैका लागि शिक्षा कार्यक्रम

निर्माण गरी प्रयोगमा ल्यएको छ जुन  डकार सम्मेलनको भावना ( २०००)मा आधारित छ ।

शिक्षा क्षेत्रमा राम्रो शक्ति र लगानी हुँदा पनि ३२% केटाकेटीहरु अझै पनि बाहिर छन् । त्यसमाथि भर्ना भएका मध्ये ४१% ले बीचैमा विद्यँलय छोड्ने गरेका छन् । विद्यालय छोड्नाका केही कारणहरुमध्ये -

(१) घरेलु कामको बोझ

(२) दैनिक गरीने काम र शिक्षा बीच सामञ्जस्यता नहुनु

(३) गरिबी

(४) जातिय भेद-भाव

(५) शिक्षकहरुको कक्षामा अनुपस्थिति

(Human Resource Development Report, 1998)

६-१० वर्षका केटाकेटीहरुमध्ये ३५% प्राथमिक शिक्षाको पहुँचभन्दा बाहिर छन्, र स्कूल छाडेका विद्यार्थीहरु समेत स्कूल बाहिर छन् । त्यसकारण BPEP ले यसको (Alternate) मा शैक्षिक कार्यक्रमको आवश्यकता महसुस गरी विद्यालय छाडेकाहरुका लागि कार्यक्रम (OSP) को शुरुवात गऱ्यो । BPEP PROGRAM II अन्तरगत वैकल्पिक शिक्षामा ६-८ वर्षका बाल-बालिकाहरुका लागि समावेश गरिने योजना छ। त्यस्तै ८-१० वर्षका बालबालिकाहरुका लागि Flexible Schooling Program  र स्कूल बाहिरका विद्यार्थीहरुका लागि OSP कार्यक्रम सञ्चालनमा छन् । यी योजनाहरु यस्ता बालबालिकाहरुका लागि ल्याइएको हो जो कहिल्यै स्कूल गएका थिएनन् वा स्कूल छोडी बसेका छन् ।

१० वर्ष वा त्यसभन्दा बढी उमेरका बालबालिकाहरु स्कूल नजानाको प्रमुख कारण आफ्नो घरको घरेलु काममा अभिवावकहरुको अनुपस्थितिको कारणले बालबालिकाहरुमा व्यस्तता रहनु हो । यस्तो अवस्थामा सरकारले गरीब र निमुखा समुदायमध्ये वयस्कहरुका लागि आर्थिक उपार्जनका निम्ति आवश्यक योजना तर्जुमा गर्नुपर्छ  (थापा, २००१) ।

**शाह,** (२०५७) को शोध पत्रमा अछाम जिल्लाको मा.वि. तहको कक्षा ९ र १० का विद्यार्थीहरुले कक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरु मध्ये अशिक्षा, घरायसी कामकाज, रुढिवादी धारणा, छिटो विवाह जस्ता कारक तत्वहरुलाई मुख्य रुपमा लिइएको छ । साथै त्यो भन्दा अन्य पक्षहरु पनि जिम्मेवार रहेको कुरालाई आत्मसाथ गरेको पाइन्छ । शिक्षा नीति एवं शिक्षण पेशालाई आकर्षित र मर्यादित बनाउन नसक्नु, विद्यालय अनुगमन प्रणाली प्रभावकारी नहुनु, मा.वि. तहको पाठ्यक्रम व्यवसायमूलक नहुनु र जीवन सार्न्दभिक नहुनु जस्ता कुराहरु नै विद्यालय बीचैमा छाड्ने मूल कारक तत्व हुन भनी उल्लेख गरेको पाइन्छ ।

## २.३ पुनरवलोकनको शैक्षिक उपादेयता

नेपालको विभिन्न भूभागमा दलित जातिहरु छरिएर रहेका छन् । सामान्य जीविकोपार्जनका लागि उनहिरुका पेशा फरक फरक किसिमका छन् । विद्यालय शिक्षामा न्यून रुपमा सहभागी भएका दलित बालबालिकाहरुको सिकाइ उपलब्धि गैह्र दलितको तुलनामा कमजोर रहेको विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन् । दलितसँग सम्बन्धित अध्ययन प्रतिवेदनमा उल्लेखित सुझावहरुको कार्यान्वयन पक्षको गति सुस्त रहेको छ । विभिन्न समयावधिमा गरिएका अध्ययन तथा लेख रचनाबाट के टुंगोमा पुग्न सकिन्छ भने दलित जातिहरु शिक्षा क्षेत्रमा पछाडि पर्नका मुख्य कारणहरु आर्थिक, सामाजिक, सांस्कृतिक र परम्परागत प्रचलन हुन् । सम्बन्धित साहित्यको अध्ययनबाट अध्ययन क्षेत्रका दलित विद्यार्थीहरु बीचैमा विद्यालय छाड्नुका कारणहरु पत्ता लगाउन, तुलना गर्न र विश्लेषण गर्न सघाउ पुऱ्याएको छ । यस पुनरवलोकनले सामुदायिक विद्यालयका दलित बालबालिकाको स्थिति विश्लेषण गरी यथार्थ चित्र प्रस्तुत गरेर अध्ययनलाई थप स्पष्ट पारेको छ ।

# अध्याय तीन

# शोधविधि

# (Research Methodology)

## ३.१ परिचय (Introduction)

यो शोधकार्यको थालनी सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययन गर्ने दलित विद्यार्थीहरुले तह पूरा नगरी वीचैमा विद्यालय छाड्नुका कारणहरुको खोज गर्ने उद्देश्यले गरिएको हो । शोधकार्यलाई यथोचित ढङ्गले सञ्चालनार्थ प्राथमिक स्रोतका तथ्याङ्कहरुका आधारमा सुरुवात गरिएको छ । शोध पत्रको विषयवस्तु दलित बालबालिकाहरुसंग सम्बन्धित भएकाले यसै विषयसंग मेल खाने अनुसन्धान विधि अपनाइएको छ, जसको व्याख्या अगाडि गरिएको छ । शोधकार्यको क्रममा प्रयोग गरिएका तथ्याङ्क तथा सूचनाहरु सम्वन्धित विद्यालय, गा.वि.स., जि.शि.का. तथा अन्य गैह्र सरकारी संस्थाहरु र सम्बन्धित विषयका अनुसन्धान प्रतिवेदनहरुबाट संकलन गरी विश्लेषण गरिएको छ । यस अध्ययनका लागि चाहिने आधार तथ्याङ्क संकलन गर्न विद्यालय सर्वेक्षण र सम्वन्धित सरोकारवालासंग अन्तर्वाता तथा प्रश्नावली उपयोग गरिएको छ ।

## ३.२ शोध ढाँचा (Research design)

प्राथमिक तहमा अध्ययन गर्ने दलित विद्यार्थीहरुले वीचैमा विद्यालय छाड्नुका कारणहरुको अध्ययनार्थ अन्तर्वार्ता, प्रश्नावली र अवलोकनवाट प्राप्त सूचना तथा तथ्याङ्क विश्लेषणका लागि वर्णनात्मक शोध ढाँचा उपयोग गरिएको छ । यसले विद्यमान समस्या समाधान गर्न तथा प्रमुख कार्यनीति पहिचान गरी निष्कर्षमा पुग्न सघाऊ पुऱ्याएको छ ।

## ३.३ अध्ययन क्षेत्रको छनौट र चिनारी (Selection and introduction to the research area)

नेपालको पूर्वाञ्चल विकास क्षेत्रको सवभन्दा पूर्वमा पर्ने झापा जिल्लाको १७ वटा स्रोतकेन्द्र मध्ये जिल्लाको मध्य उत्तरमा पर्ने शनिश्चरे स्रोतकेन्द्र अन्तर्गतका २४ वटा विद्यालयहरु, तीनवटा गा.वि.स.हरु - शनिश्चरे, अर्जुनधारा र खुदुनावारी रहेकोले प्रत्येकबाट प्राथमिक तहमा अध्ययनरत दलित बालबालिकाहरु यस अध्ययनको जनसंख्याभित्र पर्ने भएकाले यसैलाई अध्ययन क्षेत्र भनी तोकिएको छ ।

## ३.४ नमूना छनौट विधि (Sampling method)

शनिश्चरे स्रोतकेन्द्र अन्तर्गतका तीनवटा गा. वि. स. मा पर्ने जम्मा २४ वटा सामुदायिक विद्यालयहरु मध्ये Quota sampling method (कोटा नमूना छनौट) विधिद्वारा प्रत्येक गा. वि. स. वाट २ वटाको दरले जम्मा ६ वटा विद्यालय छनौट गरिएको छ ।

अर्न्तवार्ताका निमित्त नमूनामा परेका विद्यालयका ६ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, ६ जना प्र. अ. र १२ जना शिक्षकहरुलाई उद्देश्यपूर्ण नमूना छनौट विधिद्वारा छनौट गरिएको छ । स्रोतकेन्द्र सेवाक्षेत्र भित्र परेका दलित १४ जना र अन्य ४ जना गरी १८ जना अभिभावकहरुलाई उद्देश्यपूर्ण नमूना छनौटका आधारमा छानिएको छ । बीचैमा विद्यालय छाडेका दलित बालबालिकाहरु मध्ये १८ जना Random sampling का आधारमा छनौट गरिएको छ ।

**तालिका नं. १: नमूना छनौट तालिका**

| क.सं | विवरण | संख्या |
|---|---|---|
| १ | अभिभावक | १८ |
| २ | विद्यार्थी | १८ |
| ३ | प्र.अ. तथा शिक्षक | १८ |
| ४ | वि . व्य. स. अध्यक्ष | ६ |
| ५ | विद्यालय | ६ |
| ६ | गा.वि. स. | ३ |

## ३.५ शोधका साधनहरु (Instrumentation)

शोधकार्यको निमित्त तथ्याङ्क तथा सूचना सङ्कलन गर्नका लागि निम्नानुसारका साधनहरु उपयोग गरिएको थियो ।

### (क) अवलोकन (Observation )

यो शोध अध्ययनका लागि सहभागितामूलक अवलोकन गरिएको थियो ।

(अवलोकन फारमको नमूना अनुसूची ७ र ८ मा दिइएको छ ।)

### (ख) अर्न्तवार्ता छलफल र प्रश्नावली (Interview, discussion & questionnaire)

बीचैमा विद्यालय छाड्ने दलित विद्यार्थीहरुका बारेमा अवलोकनवाट प्राप्त हुन नसकेका तथ्याङ्कहरुलाई प्राप्त गर्न खुल्ला तथा बन्द प्रश्नावली निर्माण गरी

अर्न्तवार्ता र  छलफल गरिएको थियो । (प्रश्नावलीको नमूना अनुसूची १ देखि ६ सम्म दिइएको छ ।)

(ग)  **डायरी टिपोट (Diary note)**

शोधकर्ताले प्राथमिक तथ्याङ्कहरु अर्न्तवार्ता, छलफल, प्रश्नावली र अवलोकनवाट प्राप्त सूचना डायरीटिपोट मार्फत सङ्कलन गरेको छ भने सहायक तथ्याङ्कहरु जि. शि. का, गा. वि. स., विद्यालय, स्रोतकेन्द्र, गैह्रसरकारी संघसंस्थाहरुमा भएका अभिलेखहरुलाई डायरी टिपोट गरेर शोधपत्र तयार गर्ने प्रयोजनमा उपयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको स्रोत (Sources of data)

अध्ययनका निमित्त निम्नानुसारका दुई किसिमका तथ्याङ्कका स्रोतहरु उपयोग गरिएको छ ।

(क) **प्राथमिक स्रोतका तथ्याङ्क (Primary data)**

प्राथमिक स्रोतका तथ्याङ्कका रुपमा शनिश्चरे स्रोतकेन्द्र अन्तरगतका विभिन्न विद्यालयहरुसंग सम्वन्धित व्यक्ति तथा संस्था प्रमुखसंग अर्न्तवार्ता, प्रश्नावली र व्यक्तिगत छलफलवाट प्राप्त भएका तथ्याङ्कहरु रहेका छन् ।

(ख) **द्वितीय स्रोतका तथ्याङ्क (Secondary data)**

सहायक तथ्याङ्कको रुपमा विभिन्न अनुसन्धानात्मक लेख, रचना, अनुसन्धान प्रतिवेदन, विद्यालय, जि. शि. का. र विभिन्न पत्रपत्रिका आदिवाट उपलव्ध भएका तथ्याङ्क तथा सूचना उपयोग गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया (Data collection procedure)

यो अनुसन्धान कार्य सम्पन्न गर्नका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा अनुसन्धानकर्ता स्वयमले परिशिष्टमा राखिए अनुसार प्रश्नावली तयार गरी सम्बन्धित विद्यार्थी, शिक्षक, अभिभावक लगायत जि. शि. का., गा. वि. स., गैह्र सरकारी संस्था आदिमा गई तथ्याङ्क सङ्कलन गरिएको थियो । अन्तर्वार्ता, छलफल र अवलोकनका क्रममा आवश्यक कुराहरुलाई डायरी टिपोट गरिएको थियो । उल्लेखित तरिकाले संकलित तथ्याङ्कहरुलाई यस शोधपत्रको अध्याय  चारमा विश्लेषण गरिएको छ ।

## ३.८ अध्ययनका सूचकहरु (Indicators)

(दशौ योजना २०५९ – २०६४ अनुसार)

| | |
|---|---|
| साक्षरता दर (६+वर्ष) | ५५.५ |
| साक्षरता दर (१५+ वर्ष) | ४९.२ |
| प्रा. वि. तहमा सहजै देखिने भर्नादर | ११८ |
| प्रा. वि. तहमा खुद भर्नादर | ८२ |
| भापा जिल्ला | |
| साक्षरता दर (६+ वर्ष) | ७५.६५ |
| ,,            (१५+ वर्ष) | ५७.०६ |
| शनिश्चरे | |
| साक्षरता दर (६+ वर्ष) | ७९.०१ |

,,   (१५+ वर्ष)   ६४.०१

## ३.९ विश्लेषण प्रक्रिया (Analysis procedure )

अध्ययनको क्रममा अध्ययन क्षेत्र अन्तर्गतका विद्यालयका शिक्षक, प्रधानाध्यापक, अभिभावक, विद्यार्थीहरु र विभिन्न संघ-संस्थाहरुसँग प्रश्नावली, अन्तर्वार्ता जस्ता तथ्याङ्क संकलनका साधनहरु प्रयोग गरी दलित विद्यार्थीले बीचैमा कक्षा छाड्नु पर्ने कारणहरु सम्बन्धी तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको छ । यसरी सङ्कलित तथ्याङ्क वा सूचनाहरुलाई विश्लेषण र व्याख्या गर्न तालिकीकरण, प्रतिशत, स्तम्भचित्र,, वृत्तचित्र जस्ता तथ्याङ्कशाास्त्रीय विधिहरुको उपयोग गर्दै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

# अध्याय चार

# तथ्याङ्क विश्लेषण, व्याख्या तथा प्रस्तुतीकरण

# (Analysis, Interpretation and Presentation of Data)

## ४.१ प्रस्तुती र व्याख्या (Presentation and interpretation)

सामुदायिक विद्यालयहरुका प्राथमिक तहमा अध्ययन गर्ने दलित बालबालिकाहरुले तह पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरुको अध्ययन गर्ने क्रममा शोधार्थीले झापा जिल्लाका १७ वटा स्रोतकेन्द्र मध्ये शनिश्चरे स्रोतकेन्द्र छनौट गरिएको छ । उक्त स्रोतकेन्द्र अन्तर्गतका शनिश्चरे, अर्जुनधारा र खुदुनावारी तीन गा.वि.स मध्ये प्रत्येकबाट २ वटाको दरले जम्मा ६ वटा सामुदायिक विद्यालयहरु Quota नमूना छनौटको आधारमा अध्ययन क्षेत्रका रुपमा रहेका छन् । झापा जिल्लाका जम्मा जनसंख्या, शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा.वि.स. का जनसंख्या र तत् तत् क्षेत्रका दलितहरुको जनसंख्या, छनौट गरिएका ६ वटा विद्यालयहरुमा भर्ना भएका जम्मा विद्यार्थी संख्या तथा दलित विद्यार्थीहरुको संख्या, परीक्षामा सामेल जम्मा विद्यार्थी संख्या तथा दलित विद्यार्थी संख्या, परीक्षा नदिने र बीचैमा विद्यालय छाड्ने जम्मा विद्यार्थी संख्या र दलित विद्यार्थीहरुको तथ्याङ्क तथा उक्त अध्ययन क्षेत्रका १८ जना प्र.अ. लगायत शिक्षकहरु, १८ जना अभिभावकहरु, १८ जना विद्यालय छाडेका दलित बालबालिकाहरु गैह्रसरकारी संस्था, गा.वि.स., जि.शि.का. झापाबाट प्राप्त तथ्याङ्कहरुलाई निम्नानुसारको क्रममा प्रस्तुत गरिएको छ ।

## ४.२ झापा तथा अध्ययन क्षेत्रको जनसंख्या विवरण

झापा जिल्ला तथा अध्ययन क्षेत्रको जनसंख्या विवरण तुलनात्मक रुपमा तलको तालिका तथा चित्रमा प्रस्तुत गरिएको छ ।

तालिका नं. २:: जनसंख्या विवरण

| क्र. स. | विवरण | पुरुष | महिला | जम्मा | पुरुषको प्रतिशत | महिलाको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | झापा जिल्ला | ४३०७५१ | ४०४८९२ | ८३५६४३ | ५१.५५ | ४८.४५ |
| २ | शनिश्चरे गा.वि.स. | ८९९३ | ८२८९ | १७२८२ | ५२.०३ | ४७.९७ |
| ३ | अर्जुनधारा ” | ९३३७ | ९१४९ | १८८८६ | ५१.५६ | ४८.४४ |
| ४ | खुदुनावारी ” | ८१८४ | ७५१७ | १५६६५ | ५२.२४ | ४७.७६ |

(स्रोतः जि.वि.स., झापा २०६५)

चित्र नं. १: **झापाको जनसंख्या विवरण**

चित्र नं. २: **अध्ययन क्षेत्रको जनसंख्या विवरण**

तालिका नं २ तथा रेखाचित्रले झापा जिल्ला, शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा. वि. स. हरुको जनसंख्याको तुलनात्मक अध्ययन गर्न सहयोग गर्दछ । झापा जिल्लाको जम्मा जनसंख्या मध्ये पुरुषको प्रतिशत ५१.५५ र महिला प्रतिशत ४८.४५ रहेको छ । उक्त तथ्याङ्कले महिलाको भन्दा पुरुषको जनसंख्या ३.१० प्रतिशतले बढी रहेको देखाउँछ । त्यसै गरी शनिश्चरे गा.वि.स. मा पुरुषको प्रतिशत ५२.०३ छ भने महिलाको प्रतिशत ४७.९७, अर्जुनधारामा पुरुषको जनसंख्या ५१.५६ प्रतिशत तथा महिलाको ४८.४४, खुदुनावारीमा पुरुषको जनसंख्या ५२.२४ प्रतिशत छ भने महिलाको ४७.७६ प्रतिशत मात्र छ । अध्ययन क्षेत्र अन्तर्गतका शनिश्चरे, अर्जुनधारा र खुदुनावारीमा महिलाको भन्दा पुरुषको प्रतिशत क्रमशः ४.०६, ३.१२ र ४.४८ प्रतिशतले बढी रहेको छ । यसरी करीव आधा आकाश ढाकेका महिलाहरुको जनसंख्या पुरुषको बराबर नभएर क्रमशः फरक बढ्दै गएमा लिङ्गीय असन्तुलन हुने अवस्था रहेको छ ।

## ४.३ झापा तथा अध्ययन क्षेत्रको दलित जनसंख्या विवरण

झापा जिल्ला तथा अध्ययन क्षेत्रको दलित जनसंख्या विवरण तुलनात्मक रुपमा तलको तालिका तथा चित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका नं ३: दलित जनसंख्या ववरण**

| क.स. | विवरण | पुरुष | महिला | जम्मा | पुरुषको % | महिलाको % |
|---|---|---|---|---|---|---|
| १ | झापा जिल्ला | ४१४८६ | ३८५९६ | ८००८२ | ५१.८० | ४८.२० |
| २ | शनिश्चरे गा.वि.स. | ९२७ | ८५४ | १७८१ | ५२.०४ | ४७.९६ |
| ३ | अर्जुनधारा ” | १०५१ | ९८७ | २०३८ | ५१.५७ | ४८.४३ |
| ४ | खुदुनावारी ” | १०१५ | ९३२ | १९४७ | ५२.१३ | ४७.८७ |

(स्रोतः: जि.शि.का., झापा २०६३)

चित्र नं. ३: झापाको दलित जनसंख्या

चित्र नं. ४: **शनिश्चरेको दलित जनसंख्या**

चित्र नं. ५: **अर्जुनधाराको दलित जनसंख्या**

चित्र नं. ६:खुदुनावारीको दलित जनसंख्या

यस शाोधकार्यको प्रमुख सम्बन्ध दलितसंग भएकाले सम्बन्धित क्षेत्रको दलितहरुको जनसंख्या पहिचान गर्नु नितान्त आवश्यक हुन्छ । तालिका ३ मा झापा जिल्लाको दलित जनसंख्या हेर्दा पुरुषको प्रतिशत ५१.८० र महिलाको प्रतिशत ४८.२० रहेको छ । तथ्याङ्कले यस जिल्लामा महिलाको तुलनामा पुरुषको प्रतिशत ३.६० प्रतिशत बढी रहेको देखाउँछ । त्यसै गरी शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा.वि.स. हरुमा महिलाको भन्दा पुरुषको जनसंख्या क्रमशः ४.०८, ३.१४ र ४.२६ प्रतिशतले बढी रहेको छ । जिल्लाको दलित जनसंख्याको लिङ्गगत वितरण र गा.वि.स.को जनसंख्या वितरणमा समानता देखिन्छ । अतः उक्त गा.वि.स. मा गरिएको अध्ययन सिङ्गो जिल्लाको प्रतिनिधित्व गर्न सक्ने सम्भावना प्रवल देखिन्छ । त्यसकारण यो अध्ययन सान्दर्भिक नै रहेको छ ।

## ४.४ अध्ययन क्षेत्रको विद्यार्थी विवरण

अध्ययन क्षेत्र अन्तर्गत शैक्षिकसत्र २०६३ र २०६४ को कूल भर्ना, परीक्षामा सामेल र विद्यालय छाड्ने विद्यार्थीहरुको विवरण तलका तालिका तथा चित्रमा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४: विद्यार्थी विवरण**

| कक्षा | कुल भर्ना | | परीक्षामा सामेल | | विद्यालय छाड्ने | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | २०६३ | २०६४ | २०६३ | २०६४ | २०६३ | २०६४ | २०६३ | २०६४ |
| १ | ५६९ | ४५८ | ५०० | ३५४ | ६९ | १०४ | १२.१२ | २२.७० |
| २ | ३९४ | ५२० | ३४६ | ४७३ | ४८ | ४४ | १२.१८ | ८.४६ |
| ३ | ४८१ | ४४४ | ४५० | ४१३ | ३१ | ३१ | ६.४४ | ९.९८ |
| ४ | ४४५ | ४७१ | ४०७ | ४३१ | ३८ | ४० | ८.५३ | ८.४९ |
| ५ | ४११ | ४०६ | ३८१ | ३६१ | ३० | ४५ | ७.२९ | ११.०८ |
| १-५ | २३०० | २२९९ | २०४८ | २०३५ | २१६ | २६४ | ९.३२ | ११.४८ |

(स्रोत:: शोध सर्वेक्षण २०६५)

चित्र नं. ७: **विद्यार्थी विवरण (२०६३)**

चित्र नं. ८

**विद्यार्थी विवरण** (२०६४)

तलिका नं. ४ तथा चित्र नं. ७ र ८ लाई अध्ययन गर्ने हो भने प्राथमिक तह (१ - ५) मा भर्नामा वृद्धि हुन सकिरहेको देखिदैन । कक्षागत रुपमा हेर्दा कक्षा १, ३ र ५ मा कुलभर्ना घटेको छ भने कक्षा २ र ४ मा कुल भर्ना बढेको छ । परीक्षामा सामेल हुने विद्यार्थीहरुमा पनि २०६३ को तुलनामा २०६४ मा कक्षा १, ३ र ५ मा क्रमश १४६, ३७, २० ले घटेको छ भने कक्षा २ र ४ मा क्रमश: १३० र २४ जना बढेको छ । त्यसै गरी विद्यालय छाड्नेको अवस्थालाई हेर्दा शै.स. २०६३ को तुलनामा २०६४ मा कक्षा १, ३ र ५ मा क्रमश: १०.५८%, ३.५४% र ३.७९% ले वृद्धि भएको छ भने कक्षा २ र ४ मा क्रमश: ३.७२% र ०.०४% ले घटेको छ । तहगत रुपमा हेर्दा शैक्षिक सत्र २०६३ को तुलनामा २०६४ मा बीचैमा विद्यालय छाड्ने दर २.१६ % ले वृद्धि भएको छ जुन सकारात्मक पक्ष होइन । कक्षा १ मा कूल भर्ना घट्नु नकारात्मक पक्ष हो । भर्नादर वृद्धि गर्न, बीचैमा विद्यालय छाड्ने प्रवृत्तिलाई न्यूनीकरण गर्ने सरकारी तथा गैह्रसरकारी संघसंस्थाका प्रयासहरु यस क्षेत्रमा अझ प्रभावकारी रुपमा सञ्चालन गर्नु पर्ने आवश्यकता छ । पिछडिएको वर्गलाई शिक्षाको मूलधारमा ल्याउने शिक्षाको राष्ट्रिय उदेश्यलाई सफल बनाउन सवैजना सचेत हुनुपर्ने छ भने विद्यार्थीको भर्ना स्थितिलाई अभिवृद्धि गर्न दशौ योजनाको लक्षित कार्यक्रमानुसार 'विद्यार्थी भर्ना अभियान' अझ प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ४.५ दलित विद्यार्थी विवरण

अध्ययन क्षेत्र अन्तर्गत शैक्षिकसत्र २०६३ र २०६४ को कूल भर्ना, परीक्षामा सामेल र विद्यालय छाड्ने दलित विद्यार्थीहरुको विवरण तलका तालिका तथा चित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

| कक्षा | कुल भर्ना | | परीक्षामा सामेल | | विद्यालय छाड्ने | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | २०६३ | २०६४ | २०६३ | २०६४ | २०६३ | २०६४ | २०६३ | २०६४ |
| १ | ८८ | ८८ | ७३ | ५८ | १५ | ३० | १७.०४ | ३४.०९ |
| २ | ७३ | ९३ | ६७ | ८६ | ९ | ७ | ११.८४ | ७.५२ |
| ३ | ६५ | ७० | ६१ | ६३ | ४ | ७ | ६.१५ | १०.०० |
| ४ | ५८ | ५० | ५४ | ४५ | ४ | ५ | ६.८९ | १०.०० |
| ५ | ४५ | ६४ | ३९ | ५८ | ६ | ६ | १३.३३ | ९.३० |
| १-५ | ३३२ | ३६५ | २९४ | ३१० | ३९ | ५५ | ११.७४ | १५.०६ |

(स्रोतः शोध सर्वेक्षण २०६५)

चित्र नं. ९

चित्र नं. १०

तालिका नं. ५ तथा चित्र नं. ९ र १० अध्ययन गर्दा विद्यालयमा भर्ना, वार्षिक परीक्षामा सम्मिलित भएका र विद्यालयको कक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्ने दलित विद्यार्थीहरुको स्थिति थाहा हुन्छ । तालिकाबाट २०६३ सालमा कक्षा १ मा भर्ना भएका ८८ मध्ये परीक्षामा सामेल ७३ छन भने विद्यालय परित्याग गर्ने १७.०४% रहेको छ । त्यसै गरी २०६४ सालमा कक्षा १ मा भर्ना संख्या ८८ मध्ये ५८ जनाले मात्र वार्षिक परीक्षा दिएका र विद्यालय छाड्ने ३० जना अर्थात ३४.०९ % रहेको छ । यस अध्ययनको मुख्य लक्ष्य कक्षा १ लाई बनाएको हुदाँ र यो प्राथमिक विद्यालयको

प्रारम्भिक कक्षा भएकाले विद्यालय परित्यागमा यसरी वृद्धि हुनु अत्यन्त नकारात्मक पक्ष हो । यसलाई घटाउनु शिक्षासंग चासो राख्ने सवैको कर्तव्य भइसकेको छ । अन्य कक्षाहरुमा कूल भर्ना र परीक्षामा सामेल हुने संख्या बीचको अन्तर घट्दो रहेको छ, जसलाई सकारात्मक संकेतको रुपमा लिन सकिन्छ । दलितहरुका लागि सञ्चालित दलित छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक जस्ता कार्यक्रमका प्रभावले यसो भएको हो । विद्यालय छाड्नेको अवस्थालाई नियाल्दा २०६३ सालमा कक्षा २, ३, ४ र ५ मा क्रमश ११.८४%, ६.१५%, ६.८९% र १३.३३% छ भने कक्षा (१ - ५) मा ११.७४% रहेको छ । त्यसै गरी २०६४ सालमा विद्यालय छाड्ने कक्षा २, ३, ४, ५ र (१ - ५) मा क्रमश ७.५२%, १०.००%, १०.००%, ९.३७% र १५.०६ % रहेको छ । यसबाट यो पनि स्पष्ट देखिन्छ कि २०६३ को तुलनामा २०६४ सालमा विद्यालय छाड्ने दर कक्षा २ र ५ मा घटेको छ तर कक्षा ३ र ४ मा बढेको छ । यसै गरी कक्षा (१ - ५) औसत कक्षा छाड्ने दर पनि २०६३ को तुलनामा २०६४ मा ३.३२% वृद्धि भएको छ । यसरी विद्यालय छाड्ने दर वृद्धि हुनु सवैका लागि चुनौतीको विषय भएको छ । यसले सन १९९० को जोम्तेन सम्मेलनको “सवैका लागि शिक्षा” र सेनेगलको डकार गुरुयोजनालाई समेत चुनौती दिएको छ, समाहित शिक्षाका अवधारणालाई पनि कमजोर बनाएको छ ।

## ४.६ दलित विद्यार्थीले बीचैमा विद्यालय छाड्ने कारणहरु

### ४.६.१ बीचैमा विद्यालय छाड्ने दलित र अन्य जातिको विवरण

**तालिका नं. ६**

| क्र. स. | विवरण | प्राप्त जवाफ | दलित | अन्य जाति |
|---|---|---|---|---|
| १ | बीचैमा विद्यालय | १८ | १४ | ४ |

| | | | | |
|---|---|---|---|---|
| | छाड्ने विद्यार्थी | | | |
| प्रतिशत | | १०० | ७७.७७ | २२.२३ |

(स्रोतः शोध सर्वेक्षण २०६५)

तालिका नं. ६ मा ६ जना प्र.अ. एवं १२ जना शिक्षकहरुलाई तपाईको विद्यालयमा बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरुमा कसको संख्या बढी छ भने प्रश्नमा १८ वटा जवाफ प्राप्त भएको विवरण उल्लेख गरिएको छ, जसमा ७७.७७% दलित र २२.२३% अन्य रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा अन्य जातिको तुलनामा दलितको बीचैमा विद्यालय छाड्नेदर अधिक रहेको छ । यसले दलित साक्षरता अभियानलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । म्याक्स वेवरले भने जस्तै गरी समानुपातिक व्यवहार एंव समान अवसर प्रदान गर्ने वातावरण सिर्जना गराउनु पर्दछ, जसले दलित तथा अन्यको विद्यालय छाड्ने दरलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने छ ।

## ४.६.२ दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नाको कारणहरु

**तालिका नं. ७**

| क्र. स. | विवरण | प्राप्त जवाफ | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनाको कमीले | १० | ५५.५६ |
| २ | आर्थिक कारणले | ४ | २२.२२ |
| ३ | सामाजिक कारणले | २ | ११.११ |
| ४ | जीवनसंग सान्दर्भिक शिक्षा | २ | ११.११ |

| | | | |
|---|---|---|---|
| | नहुनुका कारणले | | |
| जम्मा | | १८ | १०० |

(स्रोतः शोध सर्वेक्षण २०६५)

तलिका नं. ७ मा अध्ययन क्षेत्र अन्तर्गतका ६ वटा विद्यालयका ६ जना प्र.अ. तथा १२ जना शिक्षकहरुलाई विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुको कारण केहो भन्ने प्रश्नबाट प्राप्त जवाफलाई समेटिएको छ । जवाफमा चेतनाको कमीको कारणले भन्ने ५५.५६%, आर्थिक कारणले जवाफ दिने २२.२२% र सामाजिक कारण तथा जीवन संग असान्दर्भिक शिक्षाका कारणले भनी जवाफ दिनेहरु ११.११% र ११.११% रहेको छ । प्राप्त प्रतिक्रियाहरुलाई हेर्दा विद्यालय छाड्नुमा सबभन्दा बढी चेतनाको कमीको कारणले त्यसपछि आर्थिक कारणले र अन्तिममा सामाजिक कारण तथा जीवन असान्दर्भिक शिक्षा रहेको छ । 'शैक्षिक अवसरविहीन समूहका लागि समाजिक सहकार्य' प्रतिवेदन (CERID 1997) ले पनि विद्यालय छाड्नुका कारणहरुमा अभिभावक चेतनाको कमी र जीवन असान्दर्भिक शिक्षालाई मुख्य रुपमा प्रस्तुत गरेको छ । अतः दलित विद्यार्थी तथा अभिभावकहरुमा चेतना अभिवृद्धि गराउनु पर्ने, उनीहरुको आर्थिक अवस्था सुधारमा सहयोग गर्नुपर्ने र शिक्षालाई उनीहरुको जीवन व्यवसायमा सहयोग पुऱ्याउने गरी व्यवस्थित गर्नुपर्ने तथा सामाजिक कुरीतिहरुलाई हटाउँदै लानुपर्ने देखिन्छ, जसले गर्दा विद्यालय छाड्ने दर घटाउन मद्दत पुग्ने छ ।

## ४.६.३ दलित बालबालिकाहरुको पढाइप्रतिको रुचि

तालिका नं. ८

| क्र. | प्रश्न | प्राप्त जवाफ | जम्मा |
|---|---|---|---|

| स. | | अधिक | न्यून | देखिदैन | |
|---|---|---|---|---|---|
| १ | दलित बालबालिको पढाईप्रतिको रुचि | २ | १६ | - | १८ |
| | प्रतिशत | ११.११% | ८८.८९% | ०० | १००% |

(स्रोत: शोध सर्वेक्षण २०६५)

तालिका नं. ८ दलित बालबालिकाहरुको पढाइप्रति रुचि सम्बन्धमा प्र. अ. एंव शिक्षकहरुद्वारा अभिव्यक्त प्रतिक्रियामा ११.११% अधिक रहेको, ८८.८९% ले न्यून रहेको र ०% ले दलित विद्यार्थीहरुको पढाइप्रति रुचि नरहेको कुरा देखिन्छ । यसबाट के स्पष्ट हन्छ भने दलित बालबालिकाहरुको पढाइप्रति रुचि न्यून रहेको छ । यसको मुख्य कारण आर्थिक र सामाजिक रुपले पछि परेका समूहका बालबालिका भएकाले मानसिक स्तर कम र शिक्षाप्रतिका रुचि कम हुनु स्वाभाविकै हो । यो समस्या निराकरणका लागि दलित विद्यार्थीहरुलाई मानसिक रुपमा पढाइप्रति रुचि उत्पन्न गर्ने उपायहरु अवलम्बन गर्नुपर्ने देखिन्छ । शिक्षाप्रति दलित बालबालिकाहरुको रुचि अभिवृद्धि गर्न राजेन्द्र शाहले भने झै जीवन सान्दर्भिक, व्यवसायमूलक पाठ्यक्रमलाई प्रभावकारी रुपमा लागू गर्नुपर्ने हुन्छ ।

## ४.६.४ ड्रप आउटका जिम्मेवारमा पक्षहरु

**तालिका नं. ९**

| क्र. स. | प्रश्न | प्राप्त जवाफ | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | समाज | विद्यालय | शिक्षक | अभिभावक | |
| १ | दलित बालबालिका को ड्रप आउट प्रति जिम्मेवार | ४ | - | ३ | ११ | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | २२.२२% | ०० | १६.६७% | ६१.११% | १००% |

तालिका नं. ९ मा दलित बालबालिको 'ड्रप आउट' प्रतिको जिम्मेवारी सम्बन्धमा प्राप्त प्रतिक्रिया अनुसार ६१.११% ले प्रमुख जिम्मेवारको रुपमा अभिभावकलाई देखाए भने २२% ले समाजलाई र १६.६७% ले शिक्षकलाई जिम्मेवार रहेको कुरा अभिव्यक्त गरेको पाइयो । यसरी ड्रप आउट प्रति अभिभावक प्रमुख जिम्मेवार रहेको छ । अतः त्यस्ता अभिभावक वर्गलाई चेतना अभिवृद्धिका साथसाथै अर्थोपार्जनको व्यवस्था समेत मिलाउन सके ड्रप आउट घटाउन सहयोग पुग्ने देखिन्छ । दलित उत्थानका लागि सरकारी र गैह्रसरकारी संस्थाले योगदान गरेको भनिएता पनि त्यो पर्याप्त भएको छैन । यहाँ ड्रप आउटप्रति समाज पनि जिम्मेवार रहेको देखिन्छ । समाजले परिस्कृत समाज निर्माणार्थ समाजका सम्पूर्ण एकाइहरु, समुदायहरु शिक्षित र समुन्नत हुनुपर्छ भन्ने कुरा मनन गरी सवै जात जातिको समानुपातिक विकासप्रति चासो राख्ने र अघि सर्ने हो भने त्यसले अभिभावक चेतनाको समेत वृद्धि गरी ड्रप आउट दर घटाउन अवश्य नै मद्दत पुग्नेछ ।

ड्रप आउटको समस्या समाधान गर्न केही सुझाव दिनुहुन्छ कि ? भनी सुझाव माग्दा अभिभावक चेतनाको अभिवृद्धि गर्न, आमा भेला, अभिभावक भेला, विद्यालयको कार्यक्रमहरुमा अभिभावकहरुको सहभागिता वृद्धि गर्नुपर्ने सुझाव प्राप्त भएको छ । यसका अतिरिक्त निःशुल्क तथा छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नुपर्ने, गरीव दलित अभिभावकहरुलाई सीपमूलक तालिम प्रदान गरी रोजगारको व्यवस्था गरी उनीहरुको आर्थिक अवस्था सुधार गर्न मद्दत गर्नुपर्ने सुझाव समेत प्राप्त भएको छ ।

## ४.७ अभिभावकको धारणा

### ४.७.१ ड्रप आउट हुनाको कारण

**तालिका नं. - १०**

| क्र. स. | प्रश्न | प्रतिक्रिया | | | जम्मा |
|---|---|---|---|---|---|
| | | आर्थिक | सामाजिक | चेतनाको कमी | |
| १ | ड्रप आउटको कारण | १० | ३ | ५ | १८ |
| | प्रतिशत | ५५.५६ | १६.६७ | २७.७७ | १०० |

(स्रोत सर्वेक्षण २०६५)

तालिका नं. १० अनुसार के स्पष्ट हुन्छ भने अभिभावकहरुलाई ड्रप आउट हुनाको कारण सम्बन्धमा प्राप्त प्रतिक्रिया अनुसार ५५.५६% ले आर्थिक कारण बताए भने २७.७७% ले चेतनाको कमीको कारणले र १६.६७% ले सामाजिक कारणले ड्रप आउट हुने गरेको कुरा बताएको छ । यस अनुसार आर्थिक कारण नै drop out को लागि बढी महत्वपूर्ण देखिन्छ तर शिक्षक एंव प्र.अ.को धारणा अनुसार ड्रप आउटको प्रमुख कारक अभिभावक चेतनाको कमी रहेको देखिन्छ । त्यसै गरी सेरिड - १९९७, प्रा. डा. कोइराला, थापा जित बहादुरका प्रतिवेदनहरुमा समेत अभिभावक चेतनाको कमी र आर्थिक कारणलाई बीचैंमा पढाई छाड्ने, विद्यालय नै नजाने र, विद्यालयमा अनियमित हुने कारण उल्लेख गरिएको छ । आर्थिक सामाजिक र अभिभावक चेतनाको कमीले विद्यार्थी ड्रप आउट हुने गरेको पाइन्छ ।

## ४.७.२ पढाइ छाडेर बसेका बालबालिकाहरुको व्यवसाय

**तालिका नं. ११**

| क्र. स. | प्रश्न | प्रतिक्रिया | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | पढाइ छाडेका दलित | व्यापा | घरधन्दा | खेतीपाती | अन्य | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीको व्यवसाय | र | | | | |
| | | २ | ८ | ६ | २ | १८ |
| | प्रतिशत | ११.११ | ४४.४४ | ३३.३३ | ११.११ | १०० |

(स्रोत शोध सर्वेक्षण २०६५)

चित्र ११

तलिका नं. १० मा अध्ययन क्षेत्र अर्न्तगतका १८ जना अभिभावकका अनुसार पढाइ छाडेर बसेका दलित बालबालिकाहरुको व्यवसाय हेर्दा ४४.४४% घरधन्दाको काममा संलग्न रहेका, ३३.३३% खेतीपातिमा, ११.११% व्यापार व्यवसायमा र ११.११% अन्य कार्यमा संलग्न रहेका छन् । Hiroyuki Hata-2001 ले पनि विद्यालयमा अनुपस्थित हुनुलाई घरायसी काम उल्लेख गरेका छन् भने शाह राजेन्द्र (२०५७) र थापा जितबहादुर (2001) का प्रतिवेदनहरुले पनि विद्यालय छाड्न पर्ने कारणको रुपमा घरेलु कामलाई प्रमुखता प्रदान गरेको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने ड्रप आउट भएका धेरै जसो विद्यार्थी आयआर्जनको काममा संलग्न रहेको पाइएको छ । यसको मूल कारण कमजोर आर्थिक अवस्था नै हो ।

## ४.७.३ ड्रप आउटप्रतिको जिम्मेवारी

**तालिका नं. १२**

| क्र.स. | प्रश्न | प्रतिक्रिया | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | अभिभावक | समाज | शिक्षक | विद्यार्थी | |
| १ | ड्रप आउटप्रति जिम्मेवार | १० | २ | २ | ४ | १८ |
| | प्रतिशत | ५५.५६ | ११.११ | ११.११ | २२.२२ | १०० |

(स्रोत शोध सर्वेक्षण २०६५)

तालिका नं. १२ मा विद्यार्थीहरुको ड्रप आउट प्रतिको जिम्मेवारी पहिचान गर्दा ५५.५६% अभिभावकहरुले स्वयम् आफूलाई बढी जिम्मेवार रहेको बताए भने २२.२२% ले विद्यार्थी, ११.११% ले समाज र ११.११% ले नै शिक्षक जिम्मेवार रहेको प्रतिक्रिया दिएका छन् । यसबाट ड्रप आउटप्रति अभिभावकहरु नै बढी जिम्मेवार रहेको

पाइएको छ । यसलाई प्र.अ. एवम् शिक्षकहरुबाट प्राप्त धारणाको तालिका नं. ९ संग तुलना गर्दा ड्रप आउट प्रति अभिभावक सबभन्दा बढी जिम्मेवार रहेको पाइएको छ । अभिभावकहरुको प्रतिक्रिया अनुसार विद्यार्थी, शिक्षक र समाजलाई पनि ड्रप आउटप्रति केही मात्रामा जिम्मेवार बनाएको छ । यसरी 'ड्रप आउट हुनुको कारण के हो ?' भन्ने प्रश्नको जवाफमा अभिभावकहरुले आर्थिक कारणलाई सवभन्दा बढी मानेका छन् ।

## ४.८ ड्रप आउट हुने विद्यार्थीको धारणा

### ४.८.१ पढाइप्रति रुचि

**तालिका नं. १३**

| क्र. स. | प्रश्न | प्रतिक्रिया | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | अति रुचि | सामान्य रुचि | कम रुचि | रुचि लाग्दैन | |
| १ | पढाइप्रति रुचि | २ | ९ | ६ | १ | १८ |
| | प्रतिशत | ११.११ | ५०.०० | ३३.३३ | ५.५६ | १०० |

(स्रोत शोध सर्वेक्षण २०६५)

तालिका नं. १३ अनुसार अध्ययन क्षेत्र अन्तर्गतका १८ जना विद्यालय छाडेका दलित विद्यार्थीहरुको पढाइप्रति रुचि सम्बन्धी धारणा बुझ्दा ५० % ले पढाइमा सामान्य रुचि लाग्ने, ३३.३३ % ले कम रुचि लाग्ने, ११.११ % ले अति रुचि लाग्ने र ५.५६ % ले रुचि नलाग्ने प्रतिक्रिया दिएका छन् । यसबाट के स्पष्ट हुन्छ भने पढाइ छाडेका विद्यार्थीहरुमध्ये धेरैको पढाइप्रति रुचि रहेको पाइन्छ । पढाइप्रति सामान्य रुचि राख्ने विद्यार्थीहरुको संख्या अधिक रहेको छ भने रुचि नै नराख्ने विद्यार्थीहरुको संख्या ज्यादै न्यून छ । यसलाई शिक्षकहरुबाट प्राप्त तालिका नं. ८ संग तुलना गर्दा केही

असमानता रहेको पाइन्छ । यो असमानताको कारण शिक्षक एंव प्र.अ.ले अध्ययनरत विद्यार्थीको आधारमा व्यक्त गरेको प्रतिक्रिया हो । उक्त धारणाले ड्रप आउट भएका विद्यार्थीहरुको रुचि समेट्न सकेको छैन । यस तालिकाको अध्ययनबाट पढाइ छाडेका विद्यार्थीहरुको पढाइप्रतिको रुचि बढी रहेको छ ।

### ४.८.२ पुनः विद्यालयमा भर्ना हुने चाहना र प्राप्त सल्लाह

**तालिका नं. १४**

| क्र. स. | प्रश्न | प्रतिक्रिया | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | पढ्छु | पढ्दिन | पाएको | नपाएको | |
| १ | पुनः विद्यालय भर्ना हुन चाहने | १० | ८ | | | १८ |
| | प्रतिशत | ५५.५६ | ४४.४४ | | | १०० |
| २ | विद्यालय नछाड्ने सल्लाह | | | ६ | १२ | १८ |
| | प्रतिशत | | | ३३.३३ | ६६.६७ | १०० |

(स्रोत शोध सर्वेक्षण २०६५)

तालिका नं.१४ अनुसार अध्ययन क्षेत्र अन्तर्गतका बीचैमा विद्यालय छाडेर बसेका १८ जना विद्यार्थीहरुमध्ये पुनः विद्यालय भर्ना हुन चाहने ५५.५६% र ४४.४४% ले पुनः भर्ना हुन नचाहेको पाइन्छ । यस तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने धेरैजसो विद्यालय बीचैमा छाड्ने विद्यार्थीहरु पुनः उनीहरुको अध्ययन पूरा गर्न चाहन्छन् भने कम विद्यार्थीहरु अध्ययनलाई निरन्तरता दिन चाँहदैनन् । त्यस्ता विद्यार्थीहरुलाई

मनोवैज्ञानिक तरिकाले सल्लाह र सुझाव दिन सकेमा पुनः निरन्तरता दिन सकिने कुरालाई नकार्न सकिन्न ।

बीचैमा विद्यालय छाडेका १८ जना विद्यार्थीहरुमध्ये ६६.६७% ले विद्यालय नछाड्न कसैबाट पनि सल्लाह नपाएको र ३३.३३% ले विद्यालय नछाड्ने सल्लाह पाएको पाइएको छ ।

### ४.८.३ पढाइ छाडेका विद्यार्थीको दिनचर्या

**तालिका नं. १५**

| क्र.स. | प्रश्न | खेलेर | प्रतिक्रिया | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | कृषि र घरको काम | मजदुरी | अन्य | |
| १ | विद्यालय छाड्ने दलितको वर्तमान व्यवसाय | २ | ९ | ५ | २ | १८ |
| | प्रतिशत | ११.११ | ५०.०० | २६.६७ | ११.११ | १०० |

(स्रोत शोध सर्वेक्षण २०६५)

तालिका नं. १५ मा अध्ययन क्षेत्र अन्तर्गतका बीचैमा विद्यालय छाडेर बसेका १८ जना विद्यार्थीहरुमध्ये ५०% ले घरकोकाममा, २६.६७%  ले मजदुरीमा, ११.११% ले अन्य र ११.११% ले खेलेर दिन बिताई रहेको पाइन्छ । कृषि पेशाा तथा घरकाममा अधिकांश विद्यार्थी संलग्न रहेको पाइयो भने केहीले मजदुरी गरेर परिवारको आर्थिक संकलनमा सहयोग गरिरहेको र केही विद्यार्थी बिना काम खेलकुद गरेर दिन

बिताई रहेको देखिन्छ । थापा जित बहादुर (2001), (CERID-1996), Hiroyuki Hata(2001), शाह राजेन्द्र (2057) का प्रतिवेदनहरुमा पनि विद्यालय छाडेर बसेका विद्यार्थीहरु कृषि तथा घरको काम र मजदुरी गरीरहेको कुरा उल्लेख गरिएको छ । अतः कृषि तथा घरकाममा सहयोग गर्ने र मजदुरी गर्ने बालबालिकाहरुलाई फुर्सदको समयमा अध्ययन गर्ने अवसर प्रदान गर्नुपर्ने देखिन्छ । पढाइ छाड्नुको कारण बारेको धारणा बुझ्दा अधिकांशले ड्रप आउटमा आर्थिक, सामाजिक र चेतनाको कमी नै कारक रहेको पाइयो, जुन सम्बन्धित साहित्यको पुनरावलोकनमा समेत मिल्न जान्छ । अतः कृषिकार्यको समयमा छोटो समयका कक्षाहरु सञ्चालन गरेमा एकातर्फ विद्यालय छाड्ने प्रवृत्तिमा कमी आउने र अर्कातर्फ खेतीपाती र अन्य घरको काममा समेत बाधा नपुग्ने देखिन्छ ।

## ४.९ विद्यालयका व्यवस्थापन समितिको धारणा

### ४.९.१ बैठकको नियमितता र शिक्षण क्रियाकलापबाट सन्तुष्टि

**तालिका नं.१६**

| क्र.स. | विवरण/प्रश्न | प्रतिक्रिया | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | हुन्छ | हुदैंन | सन्तुष्ट | असन्तुष्ट | |
| १ | वि.व्य.स.को बैठकको नियमितता | ५ | १ | | | ६ |
| | प्रतिशत | ८३.३३ | १६.६७ | | | १०० |
| २ | शिक्षण क्रियाकलापबाट विद्यार्थीको सन्तुष्टि | | | ४ | २ | ६ |

| | प्रतिशत | | | ६६.६७ | ३३.३३ | १०० |
|---|---|---|---|---|---|---|

(स्रोतः शोध सर्वेक्षण २०६५)

तालिका नं. १६ मा अध्ययन क्षेत्र अन्तर्गतका ६ वटा विद्यालयका वि.व्य. समितिका अध्यक्षज्यूहरुबाट बैठकको नियमितता र शिक्षण क्रियाकलाप सम्बन्धी प्राप्त प्रतिक्रियाहरुलाई प्रस्तुत गरिएको छ । ८३.३३% अध्यक्षजयूहरुले वि.व्य.स.को बैठक नियमित रुपमा हुने गरेको र १६.६७% ले बैठक नियमित रुपमा नहुने तर आवश्यकता अनसार मात्र हुने गरेको बताउनु भयो । बैठक नियमित रुपमा हुनु सकारात्मक पक्ष हो किनकि यसले विद्यालयमा अभिभावकहरुको सहभागिता वृद्धि गर्दछ, जसले दलित तथा अन्य पिछडिएका वर्गका विद्यार्थी समस्याका साथै अन्य समस्या समाधानमा सहयोग पुग्दछ ।

शिक्षण क्रियाकलापबाट विद्यार्थीहरु सन्तुष्ट सम्बन्धमा प्राप्त प्रतिक्रिया अनुसार ६६.६७% बाट ‘सन्तुष्ट छन्’ भन्ने जवाफ पाइयो भने ३३.३३% अध्यक्षज्यूहरुबाट ‘सन्तुष्ट छैनन्’ भन्ने जवाफ पाइयो । यसबाट के स्पष्ट हुन्छ भने अधिकांश अध्यक्षहरु शिक्षण क्रियाकलापवाट सुन्तुष्ट रहेको पाइयो । यो सकारात्मक पक्ष हो र यसबाट व्यवस्थापन पक्षको पठनपाठनमा पनि रुचि रहेको प्रमाणित हुन्छ । यसवाट विद्यालय समुदायबीच सुमधुर सम्बन्ध कायम हुने र विद्यालयको स्थितिमा अझ सुधार आउने संकेत प्राप्त भएको छ । अर्कातर्फ केही अध्यक्षज्यूहरु शिक्षण क्रियाकलापबाट असन्तुष्ट रहेका छन् ।

## ४.९.२ दलित अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोण

**तालिका नं. १७**

| क.स | प्रश्न | प्रतिक्रिया | | | जम्मा |
|---|---|---|---|---|---|
| | | सकारात्मक | नकारात्मक | मिश्रित | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | दलित अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोण | ३ | - | ३ | ६ |
| | प्रतिशत | ५० | ०० | ५० | १०० |

(स्रोतः शोध सर्वेक्षण २०६५)

तालिका नं. १७ मा शोध अध्ययन क्षेत्रका ६ वटा विद्यालयका वि.व्य.स.का अध्यक्षज्यूहरुलाई 'दलित अभिभावकहरुको शिक्षा प्रतिको दृष्टिकोण' सम्बन्धी प्रतिक्रियालाई प्रस्तुत गरिएको छ । ५०% को दलित अभिभावकहरुको शिक्षाप्रति सकारात्मक दृष्टिकोण रहेको प्रतिक्रिया प्राप्त भएको छ भने ०% को नकारात्मक र ५०% को मिश्रित दृष्टिकोण रहेको पाइएको छ । सकारात्मक दृष्टिकोण हुनु अति राम्रो पक्ष हो भने मिश्रित प्रतिक्रिया ५०% रहनु शिक्षाप्रति अभिभावक आफै विज्ञ हुन नसक्नु कारक तत्व रहेको छ ।

## ४.९.३ ड्रप आउट हुनुको कारण

**तालिका नं. १८**

| क्र.स. | प्रश्न | प्रतिक्रिया | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | घरायासी काम | अभिभावक चेतनाको कमी | आर्थिक अभाव | जीवन असान्र्दभिक | |
| १ | बीचैमा विद्यालय छाड्नु को कारण | २ | ३ | १ | ० | ६ |
| | प्रतिशत | ३३.३३ | ५०.०० | १६.६७ | ०० | १०० |

(स्रोतः शोध सर्वेक्षण २०६५)

तालिका नं. १८ मा अध्ययन क्षेत्रका वि.व्य.स. अध्यक्षज्यूहरुबाट दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुको कारण सम्बन्धमा प्राप्त प्रतिक्रियालाई प्रस्तुत गरिएको छ । ३३.३३% बाट घरायसी कामको कारणले, ५०% बाट अभिभावक चेतनाको कमीले र १६.६७% बाट आर्थिक अभावका कारण ड्रप आउट हुने गरेको तथ्याङ्क प्राप्त भएको छ । थापा जितबहादुर (2001) ले गरिबी र घरेलु काममा संलग्नतालाई विद्यालय छाड्नुका कारण उल्लेख गरेका छन् भने डा. विद्यानाथ (१९९६) ले गरिबीलाई प्रमुख कारणको रुपमा प्रस्तुत गरेका छन् । यो समस्यालाई समाधान गर्न डा. विद्यानाथ कोइरालाले सुझाव दिनु भए जस्तै सन्देश मूलक विद्यालय खोलिनु पर्छ, जसले अभिभावकहरुको चेतनाको वृद्धि गर्दछ । साथै आर्थिक अभावका कारण हुने गरेको ड्रप आउट दर घटाउन अभिभावकहरुलाई सीपमूलक तालिम प्रदान गरी रोजगारको व्यवस्था समेत मिलाउन सके अवश्य नै त्यसलाई घटाउन सकिन्छ । घरायसी काममा संलग्नताले हुने गरेको ड्रप आउट दरलाई घटाउन फुर्सदको समयमा विद्यालय सञ्चालन गर्नुपर्ने देखिन्छ । वि. व्य. स. अध्यक्षज्यूहरुबाट प्राप्त प्रतिक्रिया उक्त भनाइहरु भन्दा पृथक रहेको छ ।

## ४.९.४ दलित विद्यार्थीको विद्यालय सहभागिता वृद्धि गर्ने उपायहरु

**तालिका नं. १९**

| क्र. स | प्रश्न | प्रतिक्रिया | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | चेतना अभिवृद्धि कार्यक्रम | छात्रवृत्ति र निशुल्क शिक्षा | शै.सा.र खेल सामग्री | अन्य | |
| १ | दलित विद्यार्थीको सहभागिता बढाउने | ३ | २ | १ | - | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपाय | | | | | |
| | | ५०% | ३३.३३% | १६.६७% | ०% | १००% |

(स्रोत: शोध सर्वेक्षण २०६५)

दलित विद्यार्थीहरुको विद्यालयमा सहभागिता वृद्धि गर्ने उपायहरुको सम्बन्धमा वि. व्य. स.का अध्यक्षज्यूहरुबाट आएको प्रतिक्रियालाई माथिको तालिकामा प्रस्तुत गरिएको छ । ५०% ले अभिभावक तथा विद्यार्थीहरुमा चेतना अभिवृद्धि गर्नुपर्ने राय व्यक्त गरेको छ भने ३३.३३% ले निशुल्क तथा छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नुपर्ने र १६.६७% ले शैक्षिक सामग्री तथा खेलकुद सामग्रीको व्यवस्था गनुपर्ने राय प्रकट गरेका छन् । उक्त तथ्याङ्कले चेतनामूलक कार्यक्रमको लागि आर्थिक सहयोग वृद्धि गर्नुपर्ने र निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । अतः विद्यालयमा दलित विद्यार्थीहरुको सहभागिता अभिवृद्धि गर्न शिक्षा नियमावलीमा उल्लेख गरेअनुसार निःशुल्क शिक्षा एवम दलित छात्रवृत्ति कार्यक्रमको सार्थकता देखिएको छ ।

## ४.१० खुद भर्नादर र सहजै देखिने भर्नादर विवरण:

### ४.१०.१ अध्ययन क्षेत्रको खुद र सहजै देखिने भर्नादर

**तालिका नं. २०**

| क्र. स. | विवरण | खुद भर्ना दर | | | सहजै देखिने भर्ना दर | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | झापा जिल्ला | ९१.३३ | ८९.५३ | ९०.४३ | ११५.२ | ११९.३४ | ११७.१८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | शनिश्चरे गा.वि.स. | ६७.२२ | ६१.३९ | ६४.१२ | ११३.४९ | १०९.६९ | १११.५९ |
| ३ | अर्जुनधारा गा.वि.स | ९१.७२ | ९८.८० | ९५.३० | ११०.४६ | १०८.३८ | १०९.४२ |
| ४ | खुदुनावारी गा.वि.स | ९०.९० | ७९.१५ | ८४.८२ | १२७.२२ | ११३.२२ | १२०.२२ |
| ५ | शनिश्चरे स्रोतकेन्द्र | ८३.११ | ८९.६० | ८१.२९ | १३२.०५ | १२२.७५ | १२७.२२ |

(स्रोतः जि.शि.का.झापा २०६४)

तालिका नं. २० अध्ययन गर्दा झापा जिल्ला, शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा.वि.स. तथा सनिश्चरे स्रोतकेन्द्रका प्राथमिक तहका सम्पूर्ण विद्यार्थीहरुको सहजै देखिने र खुद भर्नादर बारे जानकारी प्राप्त हुन्छ । झापा जिल्लाको खुद भर्ना दर ९०.४३, जसमध्ये छात्रको ९१.३३ र छात्राको ८९.५३ रहेको छ । यसमा छात्रको भन्दा छात्राको खुद भर्नादर कम रहेको छ । प्राथमिक तहको खुद भर्नादरको तथ्याङ्क सन्तोषजनक देखिएता पनि छात्राको खुद भर्ना दर छात्रको भन्दा कम हुनु कमजोरी पक्ष देखियो । अतः छात्राहरुलाई उपयुक्त उमेरमा विद्यालयमा भर्ना गर्नुपर्ने सम्बन्धमा अभिभावकहरुमा सचेतना जागरण गराउनु पर्ने देखिन्छ । त्यसै गरी जिल्लाको सहजै देखिने भर्ना दरमा छात्रा तर्फ ११९.३४, छात्रतर्फ ११५.०२ र जम्मा ११७.१८ रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने झापा जिल्लामा प्राथमिक विद्यालय उमेर (५-९) भन्दा बढी र कम उमेरका बालबालिकाहरु झापा जिल्लाका प्राथमिक विद्यालयमा अध्ययनरत छन् ।

त्यस्तै गरी शनिश्चरे गा.वि.स. को खुद भर्नादर हेर्ने हो भने छात्रतर्फ ६७.२२, छात्रातर्फ ६१.३९ र जम्मा ६४.१२ रहेको पाइयो । जम्मा खुद भर्नादर कम हुनु, छात्रा तर्फको खुदभर्नादर छात्रको भन्दा कम हुनु सकारात्मक संकेत होइन । अतः यस क्षेत्रमा पनि सही उमेरमा बालबालिकाहरुलाई, विशेष गरी बालिकाहरुलाई विद्यालय भर्ना गराउन सचेत तथा उत्प्रेरित गराउनु पर्ने देखिन्छ । शनिश्चरे गा.वि.स. को सहजै देखिने भर्नादर छात्रतर्फ ११३.४९ छात्रातर्फ १०९.६९ र जम्मा १११.५९ रहेको पाइयो । खुदभर्नादर शनिश्चरे गा.वि.स.को जिल्लाको भन्दा कम रहेको र सहजै देखिने

भर्नादर पनि कम रहेको देखियो । दुवै सूचकाङ्कमा शनिश्चरे गा.वि.स. को स्थिति जिल्लाको भन्दा कमजोर रहेको पाइयो ।

अर्जुनधारा गा.वि.स. को खुद भर्नादर छात्रतर्फ ९१.७२ छात्रातर्फ ९८.८० र जम्मा ९५.३० रहेको पाइयो जुन अन्य गा.वि.स. तथा जिल्लाको भन्दा राम्रो रहेको छ । यस गा.वि.स. को सहजै देखिने भर्नादर छात्रतर्फ ११०.४६ छात्रातर्फ १०८.३८ र जम्मा १०९.४२ रहेको पाइयो जुन अन्य गा.वि.स. तथा जिल्लाको सहजै देखिने भर्नादरको तुलनामा राम्रो रहेको पाइयो, यसलाई अझ सुधारतर्फ जाने विश्वास गर्न सकिन्छ ।

तालिकाबाट खुदुनावारी गा.वि.स. को खुद भर्नादर हेर्दा छात्रतर्फ ९०.९० छात्रातर्फ ७९.१५ र जम्मा ८४.८२ रहेको देखियो । खुदभर्नादर छात्रको भन्दा छात्राको धेरै कम हुनु सकारात्मक पक्ष होइन । अतः छात्रातर्फको खुद भर्नादर बढाउन बालिकाहरुलाई सही समयमा विद्यालयमा भर्ना गराउन र छोरा छोरी बीच भेदभाव नगर्नुपर्ने धारणा यस गा.वि.स. मा फैलाउन सके खुदभर्ना दर अझ बढाउने सकिने छ । यस गा.वि.स. मा छात्र, छात्रा र जम्मा सहजै देखिने भर्नादर क्रमशः १२७.२२, ११३.३८ र १२०.२२ रहेको पाइयो । जिल्ला तथा अन्य गा.वि.स. को तुलनामा सहजै देखिने भर्ना दर बढी हुनु राम्रो पक्ष होइन । अतःयस अवस्थालाई सुधार गर्न सही उमेरमा बालबालिकालाई विद्यालय भर्ना गर्नुपर्ने तर्फ अभिभावकहरुमा चेतना जागरण गराउनु पर्ने र उत्तम शिक्षण प्रक्रियाद्वारा कक्षा दोहोऱ्याउने स्थितिलाई घटाउनु पर्ने देखिन्छ ।

तालिकाबाट शनिश्चरे स्रोतकेन्द्रको खुदभर्नादर छात्र, छात्रा र जम्माको क्रमशः ८३.११, ८९.६० र ८९.२९ पाइयो भने सहजै देखिने भर्नादर छात्र, छात्रा र जम्मा क्रमशः १३२.०५, १२२.७५ र १२७.२२ रहेको पाइयो । स्रोतकेन्द्र शनिश्चरेको खुदभर्नादर झापा जिल्लाको तुलनामा कम रहेको छ, र यसलाई अझ बढाउनु पर्ने आवश्यकता छ । सहजै देखिने भर्नादर पनि जिल्लाको तुलनामा बढी हुनु नकारात्मक पक्ष हो यसलाई सुधार गर्न माथि उल्लेख गरिए अनुसार अभिभावकहरुमा सही उमेरमा बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउने बारेका सचेतना कार्यक्रम चलाउनुका साथै नानीहरुको कक्षा दाहोऱ्याउने दर घटाउन प्रभावकारी शिक्षण व्यवस्था सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

## ४.१०.२ कक्षा १ को सहजै देखिने र खुदभर्नादर

**तालिका नं. २१**

| क्र.स. | विवरण | सवैको | | दलितको | |
|---|---|---|---|---|---|
| | | खुद | सहजै | खुद | सहजै |
| १ | २०६३ सालको कक्षा १ को | ७९.३१ | १३३.२९ | ७१.२५ | १३८.२१ |
| २ | २०६४ सालको कक्षा १ को | ८१२९ | १३२.०५ | ७२०३ | १३६.५३ |

(स्रोतः शोध सर्वेक्षण २०६५)

तालिका नं. २१ अध्ययन क्षेत्र शनिश्चरे स्रोतकेन्द्रको कक्षा १ को खुद भर्नादर र सहजै देखिने भर्नादर प्रस्तुत गरिएको छ । शैक्षिक सत्र २०६२ सालमा खुद भर्नादर र सहजै देखिने भर्नादर क्रमशः ७९.३१ र १३३.२९ रहेको छ । त्यसरी नै सोही शैक्षिक सत्रमा दलितको मात्र खुद भर्नादर र सहजै देखिने भर्नादर क्रमशः ७१.२५ र १३८.२१ रहेको पाइएको छ । यसबाट के स्पष्ट हुन्छ भने दलितको खुद भर्नादर अन्यको तुलनामा कम रहेको र सहजै देखिने भर्नादर बढी रहेको छ । यसले सबैको लागि शिक्षा, शिक्षाको समान अवसर जस्ता कार्यक्रमहरु अपरिहार्य भएको पुष्टि गरेको छ ।

शैक्षिक सत्र २०६३ मा अध्ययन क्षेत्रको कक्षा १ को खुद भर्नादर र सहजै देखिने भर्नादर क्रमशः ८१.२९ र १३२.०५ र दलितको मात्र ७२.०३ र १३६.५३ रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने वर्तमान अवस्थामा पनि सम्पूर्णको तुलनामा दलित खुदभर्नादर कम रहेको र सहजै देखिने भर्नादर बढी रहेको छ । यसलाई बरावर बनाउनु आजको आवश्यकता हो भने सम्पूर्णको खुद भर्नादर अझ बढाउनु पर्ने र सहजै भर्नादर

घटाउनु पर्ने आवश्यकता  खड्कियो । यद्यपि २०६२ को तुलनामा २०६३ मा शैक्षिक स्थिति केही मात्रामा सुधारिएको तथ्याङ्कले देखाउछ तर त्यो पर्याप्त भने होइन ।

संक्षेपमा दुवै वर्षको तथ्याङ्कमा सामीप्यता तथा सुधार उन्मूख रहेको छ । तर पनि सम्पूर्ण तथा दलित दुवैमा खुद भर्नादर कम सबैको भन्दा दलितको खुद भर्नादर कम र सहजै देखिने भर्नादरमा फरक बढी भएको छे भने दुवै सूचकाङ्कलाई अझ सुधार गनुपर्ने देखिन्छ । किनकि यी सूचकहरुले अझपनि यस क्षेत्रमा अधिकांश बालबालिका शिक्षामा सहभागी नभएको, अधिक उमेर र कम उमेरका बालबालिका विद्यालयमा अध्ययनरत रहेको देखिन्छ  । अतः विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने, छात्रवृत्ति एंव पाठ्यपुस्तक वितरण कार्यक्रमलाई अझ सुधार गर्दै, पारदर्शी बनाउदै लानुपर्ने र शिक्षण सिकाइ कार्यक्रम बालमनोविज्ञानका आधारमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।  त्यसो गर्न सके यस क्षेत्रमा खुद भर्नादर एवं सहजै देखिने भर्नादर सुधार हुने आशा गरिएको छ ।

## ४.११ दलित विद्यार्थीको ड्रप आउट कम गर्नमा विभिन्न संघसंस्थाको भूमिका

### ४.११.१ गैह्रसरकारी संस्थाको भूमिका

दलित बालबालिकाहरुको शैक्षिक विकासका निम्ति यहाँ केही गौह्रसरकारी संस्थाहरुले सामान्य योगदान पुऱ्याएको देखिन्छ । त्यस्ता संस्थाहरुमा नयाँ किरण समाज, नेपाल उत्पीडित जातिय मुक्ति समाज र नेपाल दलित संघ आदि रहेको छन् । तल तिनीहरुले गर्ने सहयोगको बारेमा एक झलक प्रस्तुत गरिएको छ।

**(क) नयाँ किरण समाज**

यो दलितहरुको उत्थानको लागि स्थापना भएको संस्था हो । यसले दलित बालबालिकाहरुलाई सही समयमा विद्यालयमा भर्ना गराउन र विद्यालयमा दलित विद्यार्थीहरुको नियमितता गराउने सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गरेको छ । त्यस्ता संस्थाले सिफारीस गरेमा आफ्नो क्षेत्रभित्रका प्रा. वि. तहमा अध्ययनरत बालबालिकालाई विद्यालयले संस्थाको रोहवरमा छात्रवृत्ति र शैक्षिक सामग्री प्रदान गर्ने गरेको छ । नेपाल सरकारद्वारा प्रदान गरिने दलित छात्रवृत्ति वितरणमा अनियमिता नहोस् र कुनै पनि दलित विद्यार्थी यस्तो सुविधावाट विमुख नहुन् भन्नका लागि यसले खवरदारी समेत गर्ने गरेको छ ।

(ख) **नेपाल उत्पीडित जातिय मुक्ति समाज**

यो संस्था पनि दलित तथा उत्पीडितहरुको उत्थानको लागि प्रयासरत संस्था हो । यसले पनि यस क्षेत्रमा विद्यार्थी उचित समयमा भर्ना गर्ने सम्वन्धी अभिभावक चेतना कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ । दलित बालबालिकाहरुको शैक्षिक विकासका निमित्त दलित छात्रवृत्ति उपलब्ध गराउन सिफारिस गर्ने र नेपाल सरकार द्वारा गरिने दलित छात्रवृत्ति वितरणमा हुनसक्ने अनियमिता रोक्न चनाखो रहेको छ ।

(ग) **नेपाल दलित संघ**

दलितहरुको सर्वाङ्गीण उत्थान गर्ने हेतुले गठन भएको यो संस्था पनि दलित बालबालिकाहरुलाई उचित समयमा विद्यालयमा भर्ना गराउने, निशुल्क अध्ययनको निमित्त सिफारिस गर्ने र दलितहरुको सांस्कृतिक उत्थानको लागि समेत लागि पर्ने गरेको छ ।

## ४.११.२ सरकारी संस्थाको भूमिका

(क) **जिल्ला शिक्षा कार्यालय, झापा**

दलित विद्यार्थीहरुका शैक्षिक विकासका लागि यस कार्यालयबाट सञ्चालित कार्यक्रमहरुको सम्वन्धमा कार्यालयका वि. नि. ले प्रा.वि.तहमा सम्पूर्ण दलित विद्यार्थीहरुलाई दलित छात्रवृत्ति रु ३५० प्रति विद्यार्थी प्रतिवर्ष वितरण गरिने गरेको जानकारी दिनुभयो । यसका अतिरिक्त मा.वि. तहका दलित विद्यार्थीहरुलाई निशुल्क छात्रवृत्ति दिइने गरिन्छ, जसको रकम रु ५०० प्रति विद्यार्थी प्रतिवर्ष कुनै पनि शुल्क नलिने शर्तमा विद्यालयलाई उपलब्ध गराउने कार्यक्रम पनि सञ्चालनमा छ भनी बताउनु भयो । छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी र उपयोगी बनाउन प्रचार प्रसार समेत पर्याप्त मात्रामा गर्ने गरेको कुरा वहाँले बताउनु भयो ।

यसका अतिरिक्त प्राथमिक तहमा भर्ना वृद्धिका लागि 'विद्यालय स्वागत कार्यक्रम' पनि सञ्चालित रहेको र यसले पिछडिएका समुदायका बालबच्चाहरुलाई विद्यालयमा भर्ना गराउनका लागि मद्दत गरेको कुरा जानकारी दिनु भयो । यस शााखाको पहलमा विद्यालयद्वारा विद्यार्थी भर्नाका निमित्त घरदैलो कार्यक्रम, प्रचार-प्रसार, निमन्त्रणा तथा विद्यार्थी, अभिभावकको स्वागत कार्यक्रम सञ्चालनमा रहेको कुरा जानकारी प्राप्त भयो । विद्यालय स्वागत कार्यक्रमले पनि दलित बालबालिहरुको शैक्षिक विकासमा मद्दत पुग्ने गरेको कुरा जि.शि.का. झापाबाट अवगत भयो ।

**(ख) शनिश्चरे गा.वि.स.**

यस गा.वि.स. क्षेत्र अन्तर्गत दलित बालबालिकाहरुको विद्यालय भर्ना, गराउने बीचैमा कक्षा छाड्ने प्रवृत्ति रोक्ने जस्ता कार्यक्रमहरु छन् ? भनी गा.वि.स. सचिवलाई प्रश्न गर्दा तत्सम्बन्धी विशेष कार्यक्रम नरहेको जानकारी दिनुभयो । गरीब दलित अभिभावकहरुले बालबालिकाहरुको शिक्षाको निमित्त आर्थिक सहयोगको माग गरी निवेदन दिएमा रु ५०० देखि रु १००० सम्म दिने गरेको पाइयो । शैक्षिक सत्र २०६३ मा यस्ता ४ जना विद्यार्थीलाई आर्थिक सहयोग उपलब्ध गराएको कुरा जानकारी प्राप्त भयो । साथै अन्य संघसंस्थाले सञ्चालन गर्ने दलित विद्यार्थीको शैक्षिक विकास कार्यक्रमहरुमा समन्वयात्मक सहयोग उपलब्ध गराउने गरेको छ ।

**(ग) अर्जुनधारा गा.वि.स.**

गा.वि.स. का सचिवलाई त्यस गा.वि.स. मा दलित बालबालिकाहरुको शैक्षिक विकासका निम्ति ड्रप आउट दर घटाउने तथा नियमित भर्ना र अध्ययन निरन्तरताका लागि कुनै कार्यक्रम सञ्चालित छन् भनी प्रश्न गर्दा नियमित कार्यक्रम नरहेको जवाफ प्राप्त भयो तर अन्य संघसंस्थावाट सञ्चालन हुने कार्यक्रममा समन्वयात्मक सहयोग गर्ने गरेको पाइयो । यसका अतिरिक्त गरीब दलित अभिभावकहरुले उनीहरुका बालबालिकाको अध्ययन निरन्तरताको लागि आर्थिक सहयोग माग गरेमा रु ५०० सम्म सहयोग गर्ने गरेको कुरा जानकारी प्राप्त भयो ।

**(घ) खुदुनावारी गा.वि.स**

कुनैपनि देशको सर्वाङ्गीण विकासका निम्ति समानुपातिक रुपमा शिक्षाको विकास हुनुपर्दछ । अतः यस गा.वि.स. मा समानुपातिको रुपमा शिक्षाको विकास गर्न पिछडिएको समुदाय अन्तर्गत दलित बालबालिकाहरुको नियमित विद्यालय भर्ना र शैक्षिक क्षति अन्तर्गतको ड्रपआउट घटाउने खालका कुनै कार्यक्रमहरु सञ्चालित छन् ? भनी सचिवसंग प्रश्न गर्दा त्यस्ता खालका कुनै नियमित कार्यक्रम नरहेको जानकारी दिनु भयो । तर अन्य संघसंस्थावाट सञ्चालित त्यस्ता कार्यक्रमहरुमा समन्वय गरी सहयोग प्रदान गर्ने गरेको कुरा जानकारी प्राप्त भयो । गरीबीको कारणले कुनै त्यस्ता बालबालिकाको अध्ययन छुट्ने अवस्था भएका अभिभावकले आर्थिक सहयोग माग गरेको खण्डमा रु ५०० मा नबढाई सहयोग दिने गरेको छ ।

# अध्याय पाँच

# परिणाम, निष्कर्ष र सुझाव

# (Findings, Conclusions and Recommendation)

## ५.१ प्राप्ति ( Findings)

झापा जिल्ला अन्तर्गतको शनिश्चरे स्रोतकेन्द्र भित्रका सामुदायिक विद्यालयहरुका प्राथमिक तहमा अध्ययनरत् दलित विद्यार्थीहरुले प्राथमिक तह पूरा नगरी, कक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरु पत्ता लगाउने र बीचैमा कक्षा छाड्ने प्रवृत्ति घटाउने सुझाव पेश गर्ने ध्येयले यस अध्ययन क्षेत्र अन्तर्गतका छनौटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्ष्य, प्रधानाध्यापक, शिक्षक ,विद्यार्थी, अभिभावक र सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग अन्तर्वाता, प्रश्नावली र छलफलवाट प्राप्त जानकारीको आधारमा शोध अध्ययनलाई पूर्णता दिइएको छ । शाोध अध्ययनबाट प्राप्त भएका मुख्य प्राप्तिहरु यस प्रकार रहेका छन् ।

(क) झापा जिल्लाको जनसंख्या अध्ययन गर्दा महिलाको भन्दा पुरुषको जनसंख्या ३.१% बढी रहेको छ । त्यसैगरी शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा.वि.स. मा पनि महिलाको भन्दा पुरुषको जनसंख्या क्रमश ४.०६%, ३.१२% र ४.४८% ले बढी रहेको छ ।

(ख) दलितको जनसंख्या झापा जिल्लामा महिलाको भन्दा पुरुषको ३.६% ले बढी रहेको छ । त्यसै गरी शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा.वि.स. मा पनि पुरुषको जनसंख्या महिलाको भन्दा क्रमशः ४.०८%, ३.१४% र ४.२६% ले बढी रहेको छ ।

(ग) शैक्षिक सत्र २०६३ र २०६४ मा विद्यार्थी भर्ना कक्षा १,३ र ५ मा क्रमशः १११, ३७ र ५ ले घटेको पाइयो भने कक्षा २ र ४ मा क्रमशः १२३ र २६ ले बढेको

छ। त्यसै गरी कक्षा छाड्नेदर कक्षा-१, ३ र ५ मा क्रमशः १०.५८%, ३.५४% र ३.७९% बढेको र कक्षा २ र ४ मा क्रमशः३.७२% र ०.०४% घटेको छ ।

(घ) शैक्षिक सत्र २०६३ र २०६४ मा दलित विद्यार्थीको विद्यालय भर्ना कक्षा २, ३ र ५ मा क्रमशः १७, ५ र १९ ले बढेको, कक्षा ४ मा ८ घटेको र कक्षा १ मा बराबर रहेको छ । त्यसैगरी विद्यालय छाड्ने दर २०६३ को तुलनामा शै.स.२०६४ मा कक्षा १, ३ र ४ मा क्रमशः १७.०५%, ३.८५% र ३.३२% ले बढेको र कक्षा २ र ५ मा क्रमशः ४.३२% र ४.०३% ले घटेको छ ।

(ङ) बीचैमा विद्यालय छाड्ने दलित ७७.७७% र अन्यजाति २२.२३% रहेको छ अर्थात बीचैमा विद्यालय छाड्ने अन्यजातिको तुलनामा दलितको ५५.५४% ले बढी रहेको छ ।

(च) दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुका कारणहरुमा ५५.५६% चेतनाको कमी, २२.२२% आर्थिक, ११.११% सामाजिक र ११.११% जीवन असान्दर्भिक शिक्षा रहेको छ ।

(छ) दलित बालबालिकाहरुको पढाइप्रति रुचिका सम्वन्धमा अधिकमा ११.११% र न्यूनमा ८८.८९% सहमत रहेको छ ।

(ज) ड्रपआउटप्रति अभिभावक ६१.११%, समाज २२.२२%, शिक्षक १६.६७% र विद्यालय ०.००% जिम्मेवार रहेको छ ।

(झ) पढाइ छाडेर बसेको दलित विद्यार्थीहरुमध्ये ४४.४४% घरधन्दामा, ३३.३३% खेतीपाती, ११.११% व्यापारमा र बाँकि ११.११% अन्य विविध कार्यमा संलग्न हुने गरेको छ ।

(ञ) बीचैमा पढाइ छाडेर बसेको मध्ये पुनः विद्यालय भर्ना हुन चाहने ५५.५६% र नचाहने ४४.४४% रहेको छ ।

(ट) बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरुमध्ये ३३.३३% ले विद्यालय नछाड्ने सल्लाह पाएको र ६६.६७% नपाएको छ ।

(ठ) बीचैमा विद्यालय छाडेर बसेको विद्यार्थीहरुमध्ये कृषि तथा घरकाममा ५०%, मजदुरी कार्यमा २६.६७% र खेलेर समय विताउने गरेको तथा अन्य कार्यमा क्रमशः ११.११% र ११.११% संलग्न रहेको छ ।

(ड) विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धमा ८३.३३% मा नियमित बैठक हुने र १६.६७% ले आवश्यकता अनुसार मात्र बैठक हुने गरेको छ ।।

(ढ) शिक्षण क्रियाकलापबाट विद्यार्थीहरु सन्तुष्टि रहे नरहेको बारेमा ६६.६७% सन्तुष्टि रहेको र ३३.३३% सन्तुष्टि नरहेको पाइन्छ ।

(ण) दलित विद्यार्थीहरुको शिक्षाप्रतिको दृष्टिकोणमा ५०% सकारात्मक र ५०% मिश्रित दृष्टिकोण रहेको छ ।

(त) वि.व्य.स. अध्यक्ष्यहरुको प्रतिक्रिया अनुसार दलित बालबालिकाको विद्यालय सहभागिता वृद्धि गर्न ५०% को चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने, ३३.३३% को छात्रवृत्ति र निशुल्क शिक्षा प्रदान गनुपर्ने, १६.६७% को शैक्षिक सामग्री र खेल सामग्रीको व्यवस्था गर्नुपर्ने धारणा रहेको छ ।

(थ) झापा जिल्लाको प्राथमिक तहको खुद भर्नादर र सहजै देखिने भर्नादर क्रमशः ९०.४३% र ११७.१८% रहेको छ । त्यसैगरी शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा.वि.स. को खुदभर्नादर र सहजै देखिने भर्नादर क्रमशः ६४.१२ र १११.५९, ९५.३० र १०९.४२ र ८४.८२ र १२०.२२ रहेको छ भने शनिश्चरे स्रोतकेन्द्रको खुद र सहजै देखिने भर्नादर क्रमशः ८१.२९ र १२७.२२ रहेको छ ।

(द) अध्ययन क्षेत्र अन्तर्गत कक्षा- १ मा अध्ययनरत सम्पूर्ण बालबालिकाहरुको खुदभर्नादर र सहजै देखिने भर्नादर क्रमशः शै.स. २०६२ मा ७९.३१ र १३३.२९ र शै.स. २०६३ को ८१.२९ र १३२.०५ पाइयो ।

(ध) अध्ययन क्षेत्र अन्तर्गत कक्षा १ मा अध्ययनरत दलित बालबालिकाको खुदभर्नादर र सहजै देखिने भर्नादर क्रमशः शै.स. २०६३ मा ७१.२५ र १३८.२१ र शै.स. २०६४ मा ७२.०७ र १३६.५३ रहेको छ ।

(न) दलित बालबालिकासंग सरोकार राख्ने गैह्र सरकारी संस्थाहरु नयाँ किरण समाज, नेपाल उत्पीडित जातिय मुक्ति समाज, नेपाल दलित संघले चेतनामूलक कार्यक्रमक सञ्चालन तथा छात्रवृत्ति कार्यक्रम सञ्चालनमा सहयोग गर्ने गरेको छ । त्यसरी नै जि.शि.का. झापा, शनिश्चरे, अर्जुनधारा, खुदुनावारी गा.वि.स.हरु जस्ता सरकारी संस्थाले पनि चेतनामूलक कार्यक्रम, विद्यालय स्वागत कार्यक्रम, गरीब तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम, दलित छात्रवृत्ति कार्यक्रम आदि सञ्चालन गर्ने गरेको छ ।

## ५.२ निष्कर्ष (Conclusions)

यो शोधपत्र प्राथमिक तहमा अध्ययनरत दलित बालबालिकाले विद्यालय तह पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरु पत्ता लगाई यसलाई कम गर्ने उपायहरुको खोजी गरी सम्बन्धित निकायलाई सुझाव पेश गर्ने उद्देश्यले थालनी गरिएको हो । यस अध्ययनमा तथ्याङ्कगत रुपमा दलितको विद्यालय छाड्ने दर ७७.७७% र अन्य जातजातिको २२.२३% रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने अन्य जातिभन्दा दलितको बीचैमा विद्यालय छाड्ने दर ५५.५४% ले बढी रहेको छ । अतः यसलाई कमगर्न राष्ट्र, समाज, सरकारी नीति तथा गैह्र सरकारी संघसंस्थाहरुको सहयोग आवश्यक छ । अध्ययनको क्रममा विद्यालय बीचैमा छाड्ने मध्ये केहीले पुनः भर्ना हुन चाहेको पाइन्छ । पुनः भर्ना हुन चाहनेको प्रतिशत ५५.५६% रहेको पाइयो, जुन सकारात्मक पक्ष हो । यस्ता बालबालिकाहरुको विद्यालय छाड्नुका कारणहरु विशिष्टिकृत रुपमा पहिचान गरी सो अनुसारको सहयोग पुऱ्याउन सके उनीहरुको विद्यालयमा पुनः पढ्न जाने इच्छा साकार हुने र राष्ट्रको शैक्षिक क्षति कम गर्ने कुरामा सहयोग पुग्ने देखिन्छ । बीचैमा विद्यालय छाड्ने दलित बालबालिकाहरुलाई विद्यालय नछोड्न कसैबाट सल्लाह पाएका थियौ ? भन्ने प्रश्नमा ६६.६७% बाट पाएका थिएनौ भन्ने जवाफ प्राप्त हुनुले पक्कै पनि दलितप्रति समाजको उदासीनता रहेको बताउँछ । त्यसकारण विद्यालय नछोड्ने परामर्श सेवाको आवश्यकता रहेको महसुस हुन्छ ।

विद्यालय छाडेका विद्यार्थीहरु मध्ये अधिकांश ५०.००% कृषि तथा घरको काममा संलग्न रहेको पाइयो, अन्य पेशामा नगण्य मात्रामा र केहीले खेलेर दिन बिताएको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने त्यस्ता बालबालिकाहरुलाई उनीहरुको समय अनुकुलको अनौपचारिक तथा सीपमूलक शिक्षाको व्यवस्था गर्नुपर्ने र त्यसै खेलेर दिन बिताउनेहरुका लागि उचित परामर्श सेवा प्रदान गरी पुनः शिक्षामा समावेश गर्नुपर्ने देखिन्छ ।

विद्यालयहरुद्वारा प्रदान गरिने शिक्षण क्रियाकलाप बाट ६६.६७% विद्यार्थीहरु सन्तुष्ट छन् भन्ने तथ्याङ्क प्राप्त भयो भने ३३.३३% विद्यार्थीहरु शिक्षण क्रियाकलापबाट सन्तुष्ट नरहेको देखियो । अतः शिक्षण क्रियाकलापलाई बालमैत्रीपूर्ण, प्रभावकारी र अर्थपूर्ण बनाउनु पर्ने देखिन्छ । यसका लागि शिक्षक तालिम, शैक्षिक सामग्रीको व्यवस्था गर्नुका साथै शिक्षक नियुक्तिमा समेत उचित व्यवस्था लागू गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त शिक्षकहरुले पनि आफूलाई एक आदर्श शिक्षकको रुपमा प्रतिस्थापित गरी इमान्दारी साथ आफ्नो शिक्षण कार्यमा जुट्नुपर्ने देखिन्छ ।

दलित अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोणमा ५०% को सकारात्मक र ५०% को मिश्रित प्रतिक्रिया रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने आधा जनसंख्याको शिक्षाप्रति राम्रो दृष्टिकोण रहेको छ । यसबाट दलित तथा पिछडिएको समुदायमा शिक्षा कार्यक्रम सफलताका साथ सञ्चालन गर्न सकिन्छ भन्ने कुरा साबित हुन्छ । यिनीहरुको विद्यालय सहभागिता वृद्धि गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुमा ५०%, छात्रवृत्ति तथा निशुल्क शिक्षाको व्यवस्था गर्नुपर्नेमा ३३.३३%, शैक्षिक सामग्री र खेल सामग्रीको व्यवस्था गर्नुपर्नेमा १६.६७% ले राय व्यक्त गरेको छ । अतः चेतनामूलक कार्यक्रम, छात्रवृत्ति तथा निःशुल्क शिक्षा, शैक्षिक सामग्री र खेल सामग्रीको व्यवस्था गरी कलात्मक शिक्षण शैलीको व्यवस्था मिलाउन सकेमा शिक्षामा दलितको सहभागिता वृद्धि हुनुका साथै शैक्षिक क्षति कम गर्नमा मद्धत पुग्ने देखिन्छ ।

अध्ययन क्षेत्र शनिश्चरे स्रोतकेन्द्रको खुद भर्नादर र सहजै देखिने भर्नादर क्रमशः ८१.२९ र १२७.२२ रहेको छ, जुन झापा जिल्लाको खुद भर्नादर र सहजै देखिने भर्नादर भन्दा क्रमशः ९.१४ कम र १०.०४ बढी रहेको छ । यसले झापा जिल्लाको तुलनामा शनिश्चरे स्रोतकेन्द्रको स्थिति कमजोर रहेको देखिन्छ । यो तथ्याङ्क नेपालको

खुद भर्नादर र सहजै देखिनै भर्नादर भन्दा पनि कमजोर छ । यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा (५ - ९) वर्षभन्दा बढी र कम उमेरका विद्यार्थीहरु प्राथमिक तहमा अध्ययनरत छन् । यसको निराकरणको लागि चेतनामूलक कार्यक्रम अझ प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । निष्कर्षमा माथिका सम्पूर्ण तथ्याङ्कले बालबालिकाहरुको विद्यालय छाड्ने प्रवृत्ति लगायत सम्पूर्ण शैक्षिक क्षति, विद्यालय सहभागिता र भर्नादर समस्यामूलक रहेको छ । अतः यसलाई निराकरण गर्न प्रत्येक नागरिक, समाज र राष्ट्र लागिपर्नु पर्ने देखिन्छ ।

## ५.३ सुझावहरु (Recommendation)

प्रस्तुत शोध अध्ययन सामुदायिक विद्यालयको प्राथमिक तहमा अध्ययनरत दलित विद्यार्थीहरु बीचैमा विद्यालय छाड्नुपर्ने कारणहरुबाट प्राप्त परिणामहरुलाई विश्लेषण गर्दा यो समस्या समाधानार्थ निम्नानुसारका सुझावहरु सिफारिश गरिन्छ ।

१. प्रोत्साहनात्मक (Encouragement) कार्यक्रमको परिणामात्मक लक्ष्य (Resultant goal) हासिल गर्न अभिभावक सचेतना कार्यक्रम तथा शैक्षिक जागरण कार्यक्रमलाई अगाडी बढाउनुपर्ने देखिन्छ ।

२. शिक्षामा महिला, दलित एवं पिछडिएका वर्गहरुको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच बढाउन थप कार्यक्रमहरु जस्तैः- अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गर्ने, सबैका लागि शिक्षा पुऱ्याउन विशेष सिकाइ आवश्यकता भएका वर्ग जस्तै दलित, अपाङ्गका लागि विशेष शिक्षाको अवधारण अनुरुप शिक्षाका कार्यक्रमहरु समाहित गरी एकीकृत शिक्षा पद्धति (Inclusive and integrated education system) को विकास गर्नु पर्छ ।

३. शिक्षामा दलित एवं पिछडिएका वर्गको पहुँच बढाई ड्रप आउटलाई अरु न्यूनीकरण गर्न छात्रवृत्तिको राशिलाई बढाई अझ व्यवस्थित गर्नु पर्छ ।

४. समग्र शिक्षा संवेदनमूलक प्रणालीका विभिन्न पक्षहरु अध्ययन, अध्यापन, प्रशिक्षण, नीतिनिर्माण एवं व्यवस्थापनमा ठोस लैङ्गिक संवेदनमूलक सूचाङ्क तयार गरी लैङ्गिक एवम् जातीय सूचाङ्क परीक्षण (Gender and cast Auditing) प्रणाली लागू गर्नुपर्ने देखिन्छ ।

५. शिक्षाको महत्वबारे दलित समुदायमा चेतनामूलक कार्यक्रम अझ प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

६. बालरुचि अनुसारका शिक्षण तथा खेलसामग्रीको व्यवस्था गरी मनावैज्ञानिक ढङ्गले शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ ।

७. दलित समुदायमा रोजगारी तथा आय आर्जनमूलक कार्यक्रम सञ्चालन गनुपर्ने देखिन्छ । उनीहरुको परम्परागत पेशाालाई आधुनिकीकरण गरी सीपमूलक तालीम, आर्थिक सहयोग र सहुलियत दरमा ऋणको सुविधा प्रदान गरी जीवनस्तर उकास्न प्रयास गरिनुपर्ने देखिन्छ ।

८. दलित बालबालिकाको विद्यालय सहभागिता, शैक्षिक क्षति अन्तर्गतका ड्रपआउट लगायत सम्पूर्ण पक्षलाई न्यून गर्न छात्रवृत्ति तथा निशुल्क शिक्षा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

९. विद्यालय छाडेका दलित विद्यार्थीहरु र प्रौढहरुका लागि अनौपचारिक शिक्षा कार्यक्रमलाई उनीहरुको अनुकुल समयमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

१०. दलित बालबालिकाहरुको विद्यालय जाने बानीको विकास गर्न बालविकास केन्द्र तथा शिशुस्याहार केन्द्रहरु नियमित तरिकाले सञ्चालन गर्नुपर्ने देखिन्छ ।

११. शैक्षिक क्षति कम गर्नको लागि प्राथमिक तहमा निरन्तर मूल्याङ्कन तथा उदार कक्षोन्नति नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१२. बालबालिकाहरुको शैक्षिक गुणस्तर अभिवृद्धि तथा ड्रप आउट कम गर्न कमजोर बालबालिकाहरुका लागि अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ । सो कार्यका लागि विद्यालयमा प्राप्त स्रोत साधनलाई अधिकतम सदुपयोग गर्नुपर्ने हुन्छ ।

१३. पिछडिएका समूह अन्तर्गत पर्ने दलित वर्गको उद्धार गर्न तथा उनीहरुको मानव अधिकार र शैक्षिक अधिकारको संरक्षणको निम्ति राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघसंस्थाहरुको सहयोग जुटाउनु पर्ने देखिन्छ । साथै उनीहरुको उत्थानको लागि हामी सवै आ-आफ्नो स्थानबाट मन, वचन र कर्मले लागिपर्नु पर्ने हुन्छ ।

१४ स्थानीय निकाय र सामाजिक संघसस्थाहरुले दलितको विद्यालयमा नियमित भर्ना, सहभागिता वृद्धि र शैक्षिक क्षति कम गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने र अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसस्थाहरुलाई पनि परिचालन गर्नुपर्ने देखिन्छ ।

१५. जिल्ला शिक्षा कार्यालयले दलित बालबालिकाको शैक्षिक अवस्था वृद्धि गर्न विशेष कार्ययोजना निर्माण गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

१६. विद्यालय जाने उमेरका दलित बालबालिकाका लागि पोशाक, पुस्तक, खाता, शुल्क, खाजा आदिका लागि छात्रवृत्तिको व्यवस्था सरकारबाट निरन्तर रुपमा गरिनु पर्ने देखिन्छ ।

१७. वर्णाश्रम व्यवस्थाद्वारा सृजित जातिभेद प्रथाको उन्मुलन गरी दलित वर्गलाई प्रतिष्ठित एवम सम्मानजनक जीवनयापन गर्ने स्थितिको सृजना गर्नुपर्दछ, जसले दलित बालबालिकाहरुको विद्यालयमा सहभागिता तथा स्थिरता वृद्धि हुन गई बीचैमा विद्यालय छाड्नेदर घट्न सक्ने देखिन्छ ।

१८. पढाइ छाडी बसेकाहरुलाई BPEP को कार्यक्रम अनुसार Flexible schooling programme र school outreach programme सञ्चालन गरी वर्तमान विद्यालय छाड्ने अवस्थालाई घटाउन सकिन्छ ।

१९. दशौं योजना (२०५९-०६४) को लक्ष्यानुसार आयमूलक, जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यालय छाडेका विद्यार्थीहरुलाई समेट्नु उपयुक्त हुने देखिन्छ । त्यसै गरी दशौं योजनाले तय गरिएको दलित बालबालिकाहरुको बीचैमा कक्षा छाड्ने प्रवृत्तिलाई घटाउन 'सबैका लागि शिक्षा' ( EFA) कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गर्नुपर्ने देखिन्छ ।